कानुन बनाउने प्रक्रिया लामो र झन्झटिलो... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ३११ • २०८० साल चैत्र २७ गते मंगलबार (9 April, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## नगरमा दिनदहाडै हत्या, दुई पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेशको राजधानी जनकपुरधाममा सोमवार दिनदहाडै छुरा प्रहार गरी एक जना युवकको हत्या गरिएको छ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ स्थित विश्वकर्मा चोकमा सोमबार दिउँसो करिब साढे १२ देखि १ बजेको समयमा छुरा प्रहारबाट प्रिन्सकुमार महासेठमाथि संघातिक आक्रमण भएको प्रहरीले जनाएको छ।

महोत्तरीको एकडारा गाउँपालिकाका महासेठको छातिको बाँया भागमा छुरा प्रहार गरिएको पाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले बताएका छन् । घाइते भएका महासेठको उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको उनले बताए।

प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक अवाले जनाएअनुसार घटनाबारे प्रहरीलाई सूचना आउनासाथ प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ परेकाहरुको पहिचान भने खुलाइएको छैन । अहिले



उनीहरुमाथि थप अनुसन्धान चलिरहेकोले नाम गोप्य राखिएको उनले बताए। पक्राउ परेकाहरुको साथबाट हत्यामा प्रयोग गरिएका केही सामग्रीसमेत बरामद भएको जनाइएको छ।

हत्यामा संलग्न रहेकाहरु लागूऔषधको सेवनकर्ता रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरी प्रवक्ता अवाले बताए। सडकमा आपसी विवाद हुँदा छुरा प्रहार गरिएको प्रारम्भिक अनुसनधानबाट खुलेको छ।

हत्याको कारणबारे अनुसन्धान भइरहेको बताउँदै प्रवक्ता अवाले भने, मृतक र घटनामा संलग्नहरुबीच आपसी विवाद घटनाको कारण हुन सक्छ।

मृतकलाई हत्या गर्नेहरुले सडकसम्म लखेटेको उल्लेख गर्दै स्थानीय प्रत्यक्षदर्शीहरुले भने, सडकबाट भाग्दै कोठाको शौचालयमा लुक्न लाग्दा छुरा प्रहार गरिएको थियो ।छातीमा छुरा लाग्दा महासेठ शौचालयमा नै लडेका थिए।

तत्काले घटनास्थलमा पुगेका प्रहरीले महासेठलाई उपचारका लागि प्रादेशिक अस्पताल लगेको थियो । त्यहाँ चिकित्सकहरुले उपचार थालेको केही समयमै महासेठको मृत्यु भएको थियो । प्रहरीले घटना लगतै संलग्न रहेको आरोपमा दुई जनालाई नियन्त्रणमा लिएको बताइएको छ।

दिउँसै सडक सम्म लखेटेर लुकेको अवस्थामा छुरा प्रहार गरी हत्या गरिएको घटनाले उपमहानगरको वडा नम्बर ४ मा निकै बेर मानिसहरु त्रासमा रहेको स्थानीयहरुले बताए।

### प्रदेश सभासदहरुको छट्पटाहट बढ्यो

## प्रदेशमा संसदीय विकास कोषको रकम नबाँडिने

**टुडे समाचारदाता**

जनकपुरधाम। संसदीय विकास कोषको बजेट वितरणमा सर्वोच्च अदालतले लगाएको रोक फुकुवा नहुँदा मधेश प्रदेश सरकारले प्रदेश सभासदहरुका लागि क्षेत्र विकास कोषको बजेट वितरण नगर्ने भएको छ।

प्रदेश सरकारले निर्वाचित सभासदका लागि तीन करोड रुपैयाँ र समानुपातिक सभासदका लागि एक करोड रुपैयाँ विकास बजेट बिनियोजन गरेको थियो। रातो किताबमा नै प्रकाशित सो बजेटको कार्यान्वयन नहुने निश्चित भएको छ।

नेपाली कांग्रेसका प्रदेश सभासद रामसरोज यादवले सभासदहरुका लागि विनियोजित बजेट चालु आीर्थक वर्षमा वितरण नहुने निश्चित भइसकेको बताए । 'सर्वोच्च अदालतले नै रोक लगाएको काम प्रदेश सरकारले गर्दैन्' उनले भने, अब काम गर्ने समय पनि छैन। सबै प्रक्रिया पुरा गर्दा नै असार लाग्ने उनले बताए।

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले पनि सभासदको बजेट वितरण हुन नसक्ने बताएका छन् । 'अदालतको आदेश विपरीत सरकारले काम गर्न मिल्दैन' उनले भने, सभासदहरुले पनि बुझिसकेका छन् । क्षेत्र विकास योजनाको बजेट फ्रिज हुन नदिन सरकार गम्भीर रहेको उनले बताए।

प्रदेश सरकारले आगामी आर्थिक वर्षमा सभासदहरुलाई मन्त्रालय गत योजना एक करोड रुपैयाँमाथिको राख्न आग्रह गर्ने बताउँदै मुख्यमन्त्री यादवले भने, सभासदहरुको योजना मात्र नभइ एक करोड भन्दा कम रकमको योजनामा प्रदेश सरकारले लगानी गर्ने छैन।

उपभोक्ता समिति मार्फत काम गराउँदा अनेक प्रकारको विवाद हुने, योजना बिक्रीको आरोप लाग्ने, समयमा काम सम्पन्न नहुँदा

> मधेश प्रदेशमा १ सय ७ जना सभासद छन् । जसमध्ये ६४ जना प्रत्यक्ष निर्वाचितका लागि तीन करोड रुपैयाँको दरले १ अर्ब ९२ करोड रुपैयाँ बजेटमा छुट्याइएको छ । त्यसैगरी समानुपातिक तर्फ रहेका ४३ जना सभासदका लागि एक करोडको दरले ४३ करोड रुपैयाँ बजेटको व्यवस्था गरिएको छ । प्रत्यक्ष र समानुपातिक समेत गरी कुल २ अर्ब ३५ करोड रुपैयाँ बजेट राखिएको छ ।

भुक्तानी नहुने, कयौं ठाउँमा कमिसनको खेल हुने आरोप लाग्ने गरेको छ। 'प्रदेश सरकारले आगामी वर्षदेखि टेण्डर प्रक्रियाबाट मात्र हुने योजनाहरु बजेटमा समावेश गरिने छ' मुख्यमन्त्री यादवले भने, सभासदहरुले विकास गर्न चाहेका क्षेत्रको अनुमानित रकम सहितको योजना दिए प्राथमिकता साथ राखिने छ।

'कम बजेटको काम हुँदा प्रदेश सरकारको रकम खर्च भएपनि काम भएको देखिदैन' कांग्रेसका सभासद यादवले भने, उपभोक्ता समिति मार्फत हुने काम बदनाम गराउने मात्र रहेको छ।

मधेश प्रदेशमा १ सय ७ जना सभासद छन्। जसमध्ये ६४ जना प्रत्यक्ष निर्वाचितका लागि तीन करोड रुपैयाँको दरले १ अर्ब ९२ करोड रुपैयाँ बजेटमा छुट्याइएको छ । त्यसैगरी समानुपातिक तर्फ रहेका ४३ जना सभासदका लागि एक करोडको दरले ४३ करोड रुपैयाँ बजेटको व्यवस्था गरिएको छ। प्रत्यक्ष र समानुपातिक समेत गरी कुल २ अर्ब ३५ करोड रुपैयाँ बजेट राखिएको छ।

बजेट वितरण नहुँदा अधिकांश सभासदहरु आक्रोशित छन् । प्रदेश सभाको बैठक चलेको छैन ।उच्च स्रोतहरुका अनुसार नयाँ वर्षमा मुख्यमन्त्री यादवले विश्वासको मत लिने तयारी गरेका छन् । सत्तारुढ दलहरुमा धोकाधडी नभए मुख्यमन्त्री यादवको पक्षमा सम्मानजनक बहुमत छ। विश्वासको मत लिने दिन प्रदेशसभामा अनुपस्थित भएर सरकारलाई असफल बनाउने विगतको अभ्यासलाई फेरि दोहऱ्याउनेमा केही सभासदहरु सक्रिय छन्।

प्रदेश सरकार दिशाहिन रहेको कारण क्षेत्रिय विकास कोषको रकम फ्रिज हुन लागेको लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपालका सभासद उपेन्द्र महतोले बताए । 'पूरक बजेट ल्याएर शीर्षक परिवर्तन गरी योजना बनाउन सरकारलाई ४ महिना पूर्व नै सुझाव दिएको थिएँ' उनले भने, तर सरकारले कुनै चासो नलिएर योजना तुहाएको छ।'

मुख्यमन्त्री यादवले चौथौं पटक विश्वासको मत लिन लागेका छन् ।उनले विश्वासको मत लिएपछि प्रदेश सभाको बैठकले निरन्तरता पाउने बताइन्छ । गत आर्थिक वर्षको तुलनामा यस वर्ष बजेट कम खर्च हुने सम्भावना छ। उपभोक्ता समितिको पत्र वितरणमै विवाद भइरहेकोले धैरै योजनाहरु अलपत्र पर्ने सम्भावना बढ्दै गएको छ।

कर्मचारीहरु पनि उपभोक्ता समितिको प्रक्रियालाई अगाडि बढाउन अप्ठ्यारो मानिरहेका छन् । समयमा गुणस्तरीय काम नहुने र खाता बन्द भएपछि भुक्तानीका लागि हो-हल्ला गर्ने प्रवृतिले कर्मचारीहरु डराएको देखिन्छ। हरेक वर्ष मधेश प्रदेशमा भुक्तानीको समस्या हुने गरेको छ।






# ऐलानी जग्गा व्यक्तिका नाममा दर्ता गर्न चलखेल



**सिरहा** । तीनपुस्तादेखि बस्दै आएको थातथलो छोड्नुपर्ने खबर एक्कासी सुनेपछि सिरहाको धनगढीमाई नगरपालिका-३ स्थित कुरवा हनुमाननगरका भुटाई कामैतको मनमा छटपटी र तनाब बढेको छ । उहासँग सम्पतिको नाममा टाटीले बारेको एउटा झुपडी र पाँच कट्ठा जग्गा छ। त्यो पनि छोडेर हिंड्नुप-यो भने कहाँ जाने टुङ्गो छैन ।

उहासँग न कुनै वैकल्पिक व्यवस्था छ, न त कतै जग्गा किनेर बस्नसक्ने जेथा ।

हनुमाननगरमा कामैत जस्ता तीन सय ३६ घरपरिवारले एक सय पाँच बिघा क्षेत्रफल ऐलानी जग्गामा सदियौंदेखि जोतभोग गर्दै आएका थिए।

तर भूमाफियाको सेटिङमा विसं २०७७ चैत ३१ पूर्ववडाध्यक्ष देवकुमार साहले सिराहा नगरपालिका-१७ माडरका सत्यनारायणप्रसाद साह, अरुण साहलगायत २४ जनामा जग्गाको हकभोग रहेको सिफारिस बनाइदियो । त्यसयता हनुमाननगरवासी चिन्ताले निदाउन सकेका छैनन् ।

सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गर्न निवर्तमान वडाध्यक्ष साहले बस्तीका सात जनाको ल्याप्चेसहित सार्वजनिक सर्जिमिन मुचुल्का उठाएका थिए । तीन वर्षअघि आफैंले ल्याप्चे हानेको मुचुल्काले आफैंलाई उठीबास लगाउला भन्ने कामैतले सोच्नुभएको थिएन । "झुक्याएर ल्याप्चे हान्न लगाइयो । हामी गरिब तथा अनपढ मानिसले के बुझ्नु र हजुर," कामतीले भन्नुभयो, "जसो गर भने उसै गरिदियौं, के जान्नु र पछि दुःख पाइन्छ भन्ने ।"

यही सर्जिमिन मुचुल्का र वडा सिफारिसका आधारमा गत फागुन २७ गते मालपोत कार्यालय लहान, सिरहाको निर्णयबमोजिम फागुन ३० गते ३५ दिने हकदाबी सूचना प्रकाशित भएछि स्थानीय सशङ्कीत भएका थिए ।

सरकारी अमानतमा रहेको जग्गा एक्कासी व्यक्तिले माग दाबी गरेपछि जग्गा दाखा दर्ता रोक्काको माग गर्दै सयौं पीडितले आइतबार लहानस्थित मालपोत कार्यालय घेराउ गरेका छन् । नारा जुलुससहित लहान मालपोत कार्यालय पुगेका उनीहरुले वडाको सिफारिससहित जग्गाको माग दाबीसहित निवेदन दर्ता गराएका छन् ।

आर्थिक प्रभावमा परी पूर्ववडाध्यक्ष साहले सिफारिश दिएको र त्यसका आधारमा मालपोतले सूचना जारी गरेपछि दर्ता रोक्न मागसहित मालपोतमा निवेदन दिएको वर्तमान वडाध्यक्ष वीरेन्द्र साहले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पुर्स्तौंदेखि उक्त ठाउँमा बसोबास मात्र छैन, करिब १० बिघा क्षेत्रफलमा फैलिएको पौराणिक, धार्मिक तथा पर्यटकीय क्षेत्र राजदेवी मन्दिर, तथा दुई वटा सामुदायिक विद्यालयसमेत छ । यति हुँदाहुँदै निवर्तमान वडाध्यक्षले भू-माफियासँग प्रभावित भइ वडा सिफारिस दिएको हुनसक्छ ।"

धनगढीमाई नगरपालिकाका पूर्वनगरप्रमुख हरिनारायण चौधरीका अनुसार विसं ०२१ को भूमिसुधारअनुसार हदबन्दीभन्दा बढी भएको जग्गा नापजाँचका क्रममा कसैले दाबी नगरेपछि सार्वजनिक ठहरिएकोमा विपन्न, दलित, सुकुम्बासीले खनजोत र बसोबास गरेका थिए । विसं २०५५ तिर तत्कालीन विद्रोही माओवादीले खनजोतका आधारमा स्थानीय विपन्न, दलित, सुकुम्बासीलाई पाँच कट्ठादेखि एक बिघासम्म सोही जग्गा वितरण गरेका थिए।

पुस्तौंसम्म कसैले जग्गा दाबी गर्न नआएकोमा हाल आएर हकदाबी सूचना निकालिनु षड्यन्त्र भएको अर्का पीडित श्यामलाल कामैतले बताउनुभयो । आर्थिक चलखेलले आफूहरुलाइ उठिबास लगाउन खोजेको उहाँको भनाइ छ । पुरानै स्थितिमा जग्गा नफर्कंदासम्म आन्दोलन जारी रहने उहाँले बताउनुभयो । पूर्ववडाध्यक्ष साहले यसअघि गाउँमा भएको छलफलमा पाँचपटक सम्म गल्ती स्वीकार्नु भएको पीडित बताउँछन् ।

मालपोत कार्यालय लहान सिरहाका प्रमुख दीपेन्द्रप्रसाद चौधरीले ३५ दिने माग दाबी सूचनाको आधारमा स्थानीयले अर्को मागदावी सहित निवेदन ल्याएकाले दर्ता गरी सम्बन्धित निकायको निर्देशनबमोजिम प्रक्रिया अगाडि बढाइने जानकारी दिनुभयो ।पीडितले सरकारी जग्गा कीर्ते गरी व्यक्तिका नाममा दर्ता गर्ने प्रक्रियामा संलग्नको अनुसन्धान गरी कारबाही गर्न माग गरेका छन् ।

# सीमा क्षेत्रको फोहर सुरक्षाकर्मीद्वारा सफाई

**टुडे समाचारदाता**

गोलबजार । सिरहाको बरयारपट्टी र भारतको लदनियाअन्तर्गतकोसीमानाकाको दशगजा क्षेत्रमा दुवै देशका सुरक्षाकर्मीहरुले सरसफाई गरेका छन् ।



सिरहाको सशस्त्र प्रहरी नं ७ गणका सशस्त्र प्रहरी निरीक्षक दिनेश वोम्जनको कमान्डमा खटिएको ३५ जनाको टोली, भारतीय सीमा सुरक्षा बललगायतले नेपाल प्रहरी बरियारपट्टीको दशगजा क्षेत्रमा जथाभावी फालेको फोहर सफा गरेको छ ।

दुवै देशका सुरक्षाकर्मीले बरियारपट्टी गाउँपालिका-३ स्थित सीमा पिलर २५६ देखि २५५/३ सम्मको दशगजा क्षेत्र सरसफाइ गरी सङ्कलित फोहरमैला आगो लगाएर व्यवस्थापन गरेका हुन् । सीमा पिलर वरिपरि पलाएको झार तथा बुट्यान पनि काटेर सफा गरिएको छ । सरसफाइसँगै सीमा वारपार हुने अपराध क्रियाकलाप नियन्त्रण गर्ने छलफलसँगै र स्थानीय गुनासो बुझ्न यो कार्य भएको सिरहाको सशस्त्र प्रहरी नं ७ गणका सशस्त्र प्रहरी उपरीक्षक शिवप्रसाद गैह्री जानकारी दिएका छन् ।

विहार लदनियाँका राजदेव यादवले दशजगा क्षेत्रमा भएको सरसफाइको यो दृश्यले दुई देशका नागरिक र सुरक्षाकर्मीबीच सम्बन्ध प्रगाढ हुने बताए ।

उनले यस्ता गतिविधिले निरन्तरता पाएमा सीमा सुरक्षा व्यवस्थापन थप सहज हुने जानकारि दिए ।

सरसफाइ कार्यक्रममा सशस्त्र प्रहरी विओपी बरियारपट्टीका सशस्त्र प्रहरी निरीक्षक नवराज खत्री, इलाका प्रहरी कार्यालय बरियारपट्टीका प्रहरी नायब निरीक्षक सञ्जीव साह, भारतीय सुरक्षा बल (एसएसबी) ४१ बटालियन लदनियाँ कमाण्डर गान्धी राम, बजार व्यवस्थापन समितिका अम्बे यादवलगायत स्थानीयको सरसफाइमा सहभागीता रहेको थियो ।

# चन्द्रनगरमा नौ महिनापछि बजेट

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिकामा लामोसमयदेखिको विवाद साम्य भएपछि बल्ल बजेट ल्याउन सफल भएको छ ।

चन्द्रनगर गाउँपालिकाले ९ महिनापछि बजेट ल्याएको छ । चन्द्रनगरमा भएको गाउँसभाबाट ५९ करोड ३० लाख ५९ हजार ७६९ रुपैयाँ ७१ पैसा बराबरको बजेट सर्वसम्मतरुपमा पारित गरिएको गाउँपालिका अध्यक्ष राजकुमार महतोले जानकारी दिए ।

सो गाउँसभाबाट बजेट ल्याएसँगै अब तलब भत्ता निकासासँगै विकास निर्माणको काम गर्न बाटो खुलेको उनले बताए ।




असारमै सक्नुपर्ने गाउँसभा जनप्रतिनिधिबीचको विवाद र राजनीतिक हस्तक्षेपका कारण हुन सकेको थिएन ।

समयमै बजेट ल्याउन नसक्दा चन्द्रनगर गाउँपलिकामा साउनदेखि सामाजिक सुरक्षा भत्ता निकासा हुन सकेको थिएन । सो पालिकाका कर्मचारीले ९ महिनादेखि तलबबाट वञ्चित रहेका थिए ।

यसअघि जिल्लाको हरिपूर्वा नगरपालिकामा गत फागुन ७ गते कडा सुरक्षाका बीच नगरसभा सम्पन्न गरेको थियो ।

# भन्सार छलीको तरकारी बरामद

**टुडे समाचारदाता**

सिरहा । प्रहरीले माडरस्थित एक गोदामबाट भन्सार छलेर ल्याइएको दुई लाख बराबरको प्याज र आलु सोमबार बरामद गरेको छ । सिरहा भन्सार कार्यालय माडर र सशस्त्र प्रहरी बल माडरको छेउमै रहेको गोदामबाट ५३ बोरा प्याज र २४ बोरा आलु बरामद गरिएको हो ।

गोदाममा भारतबाट अवैधरुपमा भन्सार छली चोरी पैठारी गरी ल्याइएको तरकारी रहेको गोप्य सूचना पाएपछि प्रहरीले छापा मार्ने क्रममा ठूलो परिमाणमा आलु र प्याज फेला परेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उक्त परिणामको अवैध प्याज र आलुको मूल्य करिब दुई लाख बराबर रहेको छ ।

# सोमवती अमावस्या मनाइयो

**टुडे समाचारदाता**

जलेश्वर । औंसीका दिन सोमवती अमावस्या पर्व जनकपुरधाम सहित मिथिलाभरि मनाइएको छ । जनकपुरधामसहितका मिथिलाक्षेत्रमा सोमबार बिहान प्रथम प्रहरदेखि नै धार्मिक महत्वका नदी, तलाउ तथा सरोवरमा पवित्र स्नान गर्नेको घुइँचो छ। महोत्तरीको सदरमुकाम जलेश्वरस्थित पुरन्दर, वरुण र भार्गव (भृगु) सर (सरोवर, पोखरी) मा सोमवती अमावस्या स्नान गर्ने श्रद्धालु खचाखच भरिएका थिए।

यसैगरी, मटिहानी-७ स्थित लक्ष्मीसागर र जिल्लाका तीर्थस्थलहरु ध्रुवकुण्ड, कञ्चनवन, टुटेश्वरधाम नजिकका जलाशय र रातु नदी तटमा स्नान गरेर श्रद्धालु पीपल वृक्षमा पूजाआराधना गर्दैछन्। मिथिलामा सोमवती अमावस्याका दिन गरिने स्नान, दान एवं श्राद्ध अक्षयफल दिने पुण्यदायक मानिन्छ । सोमबार औंसी परेका दिन बिहान सखारै कसैसँग बोलचाल नगरी पवित्र जलाशयमा स्नान गर्ने परम्परा रहेको बर्दिबास-२ का बासिन्दा मैथिल कर्मकाण्डका ज्ञाता पण्डित महेशकुमार झाको भनाई छ ।



सोमवती अमावस्याका दिन पवित्र जलाशयमा स्नानपछि पीपल वृक्षको फेदमा जल चढाउने, पीपल वृक्ष वरिपरि धागो बाँध्ने, दीपदान गर्ने, आरती तथा पुष्पाञ्जली गर्ने र यथासक्य प्रदक्षिणा गर्ने शास्त्रीय विधान रहेको झाको भनाइ छ ।

सोमवती अमावस्यामा गरिने यी कार्यले समस्त पाप नास भई प्रतिकूल ग्रह बाधा हट्ने र सुख, शान्ति एवं समृद्धि प्राप्त हुने मैथिल जनविश्वास छ । पीपल वृक्षमा ब्रह्मा, विष्णु र शिव तीनै देवको बास हुनेहुँदा सोमबारको औंसीका दिन पवित्र जलाशयमा स्नान गरी देवस्मरण गर्ने चलन पूर्वीय वैदिक परम्पराकै रहेको पाका मैथिल बताउँछन् ।

पीपल वृक्षमा ब्रह्मा, विष्णु र शिवको बास हुने शास्त्रमा उल्लेख छ । 'ॐमूलते ब्रह्मरुपाय मध्यतो विष्णुरुपिणे , अग्रतः शिवरुपाय अश्वत्थाय नमोनमः ॥' पीपल वृक्षको मूल ब्रह्मा, मध्य विष्णु र अग्रभाग शिवरुप मानिने शास्त्रीय मान्यताले सोमबार औंसीका दिन यहाँ गरिने पूजाआराधना, दान, श्राद्ध तथा आरती पुण्यदायक हुने जनविश्वास रहेको छ ।

# सर्वोच्च शिखर सागरमाथा चढ्न हिँडे आरोही

**काठमाण्डु** । हिमाल आरोहणको मुख्ययाम वसन्त ऋतु सुरु भएसँगै सर्वोच्च शिखर सगरमाथासहितका हिमाल आरोहण गर्न आरोहीहरु गन्तव्यतर्फ लागेका छन् । सगरमाथा, मकालु, अन्नपूर्ण, कञ्चनजङ्घा, धौलागिरी, ल्होत्से अमादब्लम, जुगललगायत हिमाल आरोहणका लागि नेपालसहित विभिन्न मुलुकका आरोही त्यसतर्फ लागेका हुन् ।

पर्यटन विभागका अनुसार वसन्तऋतुमा सर्वोच्च शिखर सगरमाथासहित विभिन्न १६ हिमाल आरोहणका लागि ३६ आरोही समूहका ७४ महिला र दुई सय ६० पुरुष गरी कूल तीन सय ३४ आरोहण अनुमति लिएका छन् । सगरमाथा हिमालमा मात्रै १३समूहका ३० महिलासहित एकसय ४९ आरोहीले अनुमति पाएका छन् ।हिमाल आरोहणको अनुमतिबापत हालसम्म रु २३ करोड ७५ लाख सात हजार सात सय ७६ रोयल्टी सङ्कलन भएको छ । सगरमाथाबाट मात्रै रु २० करोड ९८ लाख २२ हजार दुई सय आम्दानी भएको छ ।

विभागको पर्वतारोहण शाखाका शाखा अधिकृत चुनबहादुर तामाङले यस याममा सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि धमाधम आरोही अनुमति लिएर गन्तव्यतर्फ लागेका छन् । उहाँका अनुसार सगरमाथा आरोहणका लागि सर्वाधिक सङ्ख्यामा आरोही आइरहेका छन् । सगरमाथापछि सबैभन्दा बढी आमादब्लम हिमालमा चार आरोही समूहका ३८ जनाले अनुमति पाएका छन् ।

यस्तै ल्होत्से हिमालका चार आरोही समूहका ४५ जनाले अनुमति लिएका छन् ।

अन्नपूर्ण हिमाल आरोहणका लागि तीन आरोही समूहका २५ जनाले अनुमति लिएको विभागले जनाएको छ ।

वसन्तऋतुमा सबैभन्दा बढी आरोही सगरमाथा आरोहणका लागि आउने गर्छन् । सेभेन समिट ट्रेक्स प्रालिका अध्यक्ष मिङ्मा शेर्पाले आफ्नो कम्पनीमार्फत यस याममा हालसम्म करिब १५ जना आरोही आरोहणका लागि आएको बताउनुभयो । अहिले ६० हाराहारी आरोही अनुमति लिने प्रक्रियामा रहेकाले यसवर्ष पनि सगरमाथा आरोहण गर्नेको सङ्ख्या बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

एसियन ट्रेकिङका अध्यक्ष एवं वरिष्ठ पर्यटन व्यवसायी आङछिरिङ शेर्पा अहिले उल्लेख्य सङ्ख्यामा आरोही आइरहेको बताउनुहुन्छ । विभागका अनुसार अघिल्लो वर्षको वसन्तऋतुमा चार सय ७८ आरोहीले सगरमाथा आरोहणको अनुमति लिएका थिए।

पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ अनुसार वसन्तऋतुमा सगरमाथा आरोहणमा जानेबाट प्रतिव्यक्ति विदेशीलाई रु ११ लाख दस्तुर लाग्छ । नेपालीले भने रु ७५ हजार तिर्नुपर्छ । विदेशीले एक पटक सगरमाथा आरोहण गर्दा कम्तीमा रु ३० लाखदेखि रु एक करोडसम्म खर्च गर्छन् ।

मुलुकको पर्यटनको महत्वपूर्ण आधार मानिने पर्वतारोहण राजस्व आम्दानीका हिसाबले पनि महत्वपूर्ण मानिन्छ । यो याममा आरोहणका लागि बाटो खुलाउन शेर्पा आरोही डोरी टाँग्ने (रोप फिक्सिङ)का लागि सगरमाथा क्षेत्रमा खटिएको विभागले जनाएको छ । यो याममा सगरमाथा आरोहणका लागि रोप फिक्सिङ गर्ने जिम्मा सेभेन समिट ट्रेक्सले पाएको छ।

उक्त कम्पनीमार्फत जाने दक्ष शेर्पाले सगरमाथाको दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो खुलाउछन् । सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समितिले बाटो बनाइरहेको छ। अहिले खुम्बु आइसफलमा बाटो बनाउने कार्य जारी रहेको समितिले जनाएको छ ।रासस

# गृहमन्त्रीद्वारा आगलागी स्थलको निरीक्षण

**टुडे समाचारदाता**

काठमाण्डु । सशस्त्र प्रहरीको गोदाममा (स्टोर रुममा) आगलागी भएको स्थलको गृहमन्त्री रवि लामिछानेले अवलोकन गरेका छन् । काठमाडौंको चन्द्रागिरि नगरपालिका सतुङ्गलस्थित गोदाममा लागेको आगलागिको विषयमा आसपासका बस्तीमा रहेको सीसी क्यामेराबाट जाँचकालागि समिति बनाउन सुझाव दिएका छन् । अहिले दमकल, प्रहरी तथा स्थानीयवासीको सहयोगमा अहिले आगो नियन्त्रणको प्रयास भइरहेको छ । आगो नियन्त्रणका लागि नौ वटा दमकलसहित सुरक्षाकर्मी परिचालन गरिएको छ।



सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले विद्युत् चुहावट भएर आगो लागेको प्रारम्भिक जानकारी पाएको बताए । उनका अनुसार सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहालको अध्यक्षतामा नौ सदस्यीय छानबिन समिति गठन गरिएको छ ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको बसबरिया गाउँपालिका-३ भवानिपुरको बङ्गलवास्थित दलित बस्तीमा सोमबार बिहान ११ बजे आगलागी हुदाँ जलेर नष्ट भएका घरहरु। आगलागीबाट ११ जनाको फुसको घर जल्दा लाखौँको क्षति भएको छ। *तस्बिरः रासस*

# समयमा सिँचाईको अभाव हुँदा सर्लाहीको धान खेती संकटमा

**टुडे समाचारदाता**

मलंगवा। अन्नको भण्डार मानिने मधेशमा पटक पटक सिँचाईकै अभावमा किसान मार्कामा पर्दै आएका छन्। यसवर्ष समेत सिँचाइ मुख्य समस्याका रुपमा देखा पर्दा सर्लाहीमा प्रशस्त सम्भावना बोकेको चैते धान उत्पादन सङ्कटमा परेको हो।



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन कार्यान्वयन इकाइ सर्लाही र रौतहटका वरिष्ठ बाली विकास अधिकृत रामबलम प्रसाद साहका अनुसार हाल जिल्लाको हरिपुर्वा, ईश्वरपुर, लालबन्दी, गोडैता, कविलासी नगरपालिका चक्रघट्ट गाउँपालिकालगायत क्षेत्रमा मात्र किसानले चैते धानखेती गर्दै आएका छन्। तथ्याङ्कअनुसार जिल्लामा ५० हेक्टर क्षेत्रमा मात्र चैते धानखेती हुने गरेको छ।

हरिपुर्वा नगरपालिका-२ का विजय झाका अनुसार सिँचाइको अभावमा यस वर्ष सात कट्ठा खेतमा मात्र चैते धान रोप्न पाएको र समयमा मलखाद नपाइनेलगायत समस्या सधैँ टाउको दुखाइको विषय बन्ने गरेको छ। उनले सात कट्ठामा लगाएको चैते धानमा समेत पम्पसेटबाट पानी दिइने बताए। सिँचाइको उपयुक्त प्रबन्ध नभएका कारण यहाँका किसानले महँगोमा पम्पसेटबाट सिँचाइ गरेर खेती गर्दै आएका छन्।

हरिपुर्वा-५ का दिनेश यादवले धान भित्र्याउने बेलामा बर्सातले दुःख दिने गरेको सुनाए। "धान खेतका लागि मजदुर धेरै चाहिन्छन्", उनले भने, "भन्ने बित्तिकै कामदार पाइँदैन। हावा पानीले दुःख उस्तै दिन्छ। मेसिनले धान काट्ने, धार्ने सुविधा भए किसानलाई सहयोग हुने थियो।" जोखिमले गर्दा किसानले चैते धान लगाउन छाडेको उनको भनाइ छ।

जिल्लामा चैते धानका रुपमा हर्दिनाथ-१ र चैते-५ लगाउने चलन छ। गत माघ १५ गतेदेखि अन्तिमसम्म बीउ राखिने चैते धान फागुन १५ गतेदेखि रोप्न सुरु गरिने बाली विकास अधिकृत साहले बताउनुभयो। चैते धान चार महिनाभित्रै पाक्ने र उत्पादन समेत बढी हुने भएकाले प्रतिफल छोटो समयमा धेरै लिन सकिन्छ। किसानले चैते धान जेठदेखि भित्र्याउन थाल्छन्। यहाँ चैते धानका लागि मुख्य चुनौती सिँचाइ रहे पनि भित्र्याउने समयमा हुने वर्षा, असार मसान्तमा धानको मुल्य कम हुने समस्या तथा प्रचारप्रसारको समेत कमी हुँदा चैते धानखेती बढ्न नसकेको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ। खेती बढाउन सके चैते धानबाट किसानले प्रशस्त लाभ लिन सक्ने बाली विकास अधिकृत साहको भनाइ छ।

# "मिथिला पेन्टिङ, घुम्टोदेखि अमेरिकासम्म"

जनकपुरधाम। विसं २०४३ तिरको कुरा थियो। मधेसको बन्द समाज। महिलाहरूलाई घरको चौघेरा नाघेर बाहिर निस्किन सजिलो थिएन। समाजका मूल्यमान्यता, परिवारका इज्जत प्रतिष्ठाका भारी सकिनसकी बोकेर हुर्किँदै हुनुहुन्थ्यो जनकपुरधामकी मञ्जुला ठाकुर। खुसी के हो ? समाज के हो ? जिम्मेवारी के हो ? भनेर प्रष्ट छुट्याउन सक्ने अवस्थै बनेको थिएन। त्यहीँबेला १२ वर्षकै उमेरमा उहाँको विवाह भयो। समय त्यस्तै थियो, कलिलो काँधमा असाधारण जिम्मेवारीको भारी थपिएपछि सकिनसकी माइतीको इज्जत र पोइलीघरको जिम्मेवारी धान्नैपर्ने भयो।

"कलिलै उमेरमा जिम्मेवारी थपियो। जानेको केही थिइनँ। त्यो समय र आफ्नो जीवन नै बोझ लाग्दै थियो। के गर्ने, के नगर्ने छुट्याउने उमेर पनि त भएको थिएन नि ! तर पनि बाँच्नु त पऱ्यो", उहाँले त्यो समय सम्झिँदै भन्नुभयो। मञ्जुलको उमङ्गविहीन त्यो समयलाई रङ्गिन बनाउन आमाले सिकाइदिएको 'पेन्टिङ् कला' रङ भर्ने माध्यम बन्यो। जीवनमा रङ भर्ने माध्यम मात्रै बनेन स्वावलम्बनको आधार र घरमा बसेर आश्रित जीवन बाँचिरहेका अरु नारीहरूलाई सङ्गठित गर्ने आधार पनि बन्यो। २०४८ सालको समय हुँदो हो, महिना त ठ्याक्कै भन्न सक्नुभएन उहाँले। अर्धघुम्टोमा घरको चौघेरा नाघेर निस्किएको वर्ष थियो त्यो।

"केही समय घरमै बसेर आफ्नो कलालाई निखारेँ। पछि २०४८ सालतिर घरबाट समाजमा निस्किएँ। त्यो बेला महिलालाई घरबाट निस्किनै समस्या थियो। मलाई पनि सुरुमा त्यस्तै भयो। तर हिम्मत हारिन। बिहे, चाडपर्वको बेला घरघरमा गएर वाल पेन्टिङ् गर्न थाल्यौँ", मञ्जुलाले त्यो समय सम्झिनुभयो,"सुरुमा गाह्रो भयो। गाउँघरको मान्छे कुरा काट्थे। कता जान्छ ? के गर्छ ? अरुसँग किन हिँड्छ ? जस्ता अनेक लाञ्छनासहितका प्रश्नले उडाउँथे। तर त्यसको कुनै प्रवाह गरिनँ", उहाँले सुनाउनुभयो।

समय परिवर्तन हुँदै गयो। काम गर्दै जाँदा पैसा आउन थाल्यो। आयआर्जन भएपछि घरका समस्याहरू टार्न सहज भयो। गृहिणीको पहिचान कलाकर्मीमा बदलियो। त्यसपछि परिवारबाट समेत थप साथ पाउन थाल्नुभयो उहाँले। त्यसपछि त मञ्जुलाको समय, दिनचर्या नै बदलियो। अर्थोपार्जन भयो। समाजको भरोसा थपियो। अर्धघुम्टो पूरै उघार्ने अवस्था बन्यो।

मञ्जुला भन्नुहुन्छ, "मैले आफू मात्रै होइन, घरघरमा सीमित रहेका र घुम्टोसमेत उघार्न नचाहने महिलाहरूलाई आफ्नो अभियानमा जोड्न भूमिका खेले, जसका कारण अरु थुप्रै दिदीबहिनीलाई आर्थिक रूपले सबल बनाउन निकै सहयोग पुगेको छ। आर्थिक रूपले सबल हुनु भनेको महिलाको आत्मसम्मान र प्रतिष्ठासमेत बढ्नु हो नि !"

कुनैबेला यस्तो समय आयो कि मञ्जुलालाई भ्याइनभ्याई भयो। आफ्नै समाजका चौकचौतारा, बजार, गल्लीहरूमा जानसमेत नपाउने जनकपुरकी एक महिला मञ्जुला पाँच पटक त धेरैले सपनाको देश भनिने अमेरिका पुग्नुभयो। त्यो क्षण सम्झिँदै उहाँ भन्नुहुन्छ, "त्यसबेलाको मधेशी समाजकी एउटा बुहारी, छोरी, श्रीमती, दिदीबहिनीलाई हेर्ने दृष्टिकोण सम्झिदा पनि नमीठो लाग्छ। मैले संस्कारको नाममा छोपिएको घुम्टो उघार्ने हिम्मत नगरेको भए आज यहाँ पुग्थिन होला। घुम्टोदेखि अमेरिकासम्मको त्यो चक्र सम्झिदा रोमाञ्चित पनि हुन्छु र दुःखी पनि। अहिलेको नयाँ पुस्ताका छोरी बुहारीलाई त धेरै सहज छ। अब उहाँहरू अगाडि आउनुपर्छ। त्यसमा सरकारले पनि सहयोग गर्नुपर्छ।"

मञ्जुलाको कुरा सुन्दा २६ वर्षअघिको मधेशको मुस्लिम समाजको याद आउँछ। त्यसमा पनि श्रीमान गुमाएकी एउटा नारीको अवस्था। तर त्यसलाई चिरेर अगाडि बढ्नुभयो जनकपुरधाम उपमहानगरपालिका–४शान्तिनगरकी मुन्नी खातुन। छ छोरी र एक छोराकी आमा मुन्निको जीवनमा एकाएक बज्रपात भयो। २७ वर्षअघि श्रीमान बित्नुभयो।

एक्लो ज्यान भए त जेनतेन जीवन चल्थ्यो होला तर उहाँमाथि ती सबै लालाबालाको पालनपोषण गर्ने जिम्मेवारी आइलाग्यो। विकल्पहरू केही थिएनन्। "हिम्मत हार्नु हुँदैन रहेछ, अल्लाहले विकल्प दिइहाल्दा रहेछन् ! घरमा सामान्य सिकेको पेन्टिङ कलालाई जीविकोपार्जनको आधार बनाउने सोच आयो। मेरो सीपलाई निखार्ने अवसर भने केही समयअघि खुलेको नारी विकास केन्द्रले दियो", खातुनले भन्नुभयो,"धन्न त्योबेला छ सात सयमा परिवार चल्थ्यो। अहिले त जति पैसा भए पनि पुग्दैन। त्यसमा पनि पेन्टिङ्को कुनै मूल्य नै छैनजस्तो लाग्छ।"

खातुनले यहीँ पेशाबाट घरपरिवारको लालनपालनदेखि छोराछोरीको विहेसम्म गरिदिएको सुनाउनुभयो। उहाँ भन्नुहुन्छ,"हो, पेन्टिङबाटै यो सबै सम्भव भएको हो। यदि यो सीप नभएको भए मैले सात छोराछोरीसहितको परिवार कसरी पालनपोषण गर्थें होला ? यही चित्रकलाबाट घरबार चल्यो, छोराछोरीको विवाह गरियो।"

जनकपुरधाम-१० देवीचोककी सीतादेवी कर्णलाई पनि मिथिला चित्रकलाले नाम, दाम र प्रतिष्ठा सबै दियो। यहीँ कलाले उहाँलाई बेल्जियम, अमेरिका, काठमाडौँलगायत भारतका विभिन्न ठाउँमा गएर आफ्नो कला प्रदर्शन गर्ने अवसर दियो। त्यसबाट आएको पैसाले परिवारको लालनपालनमा सहयोग पुग्यो। "म तीस वर्षदेखि यहीँ काम गरिरहेकी छु। गाहे अप्ठ्यारो त जुनसुकै पेशामा हुन्छ नै। तर यहीँ पेसाले मजस्ता तमाम नारीलाई नयाँ पहिचान दियो। देश दुनियाँ हेर्ने अवसर दियो", उहाँ भन्नुहुन्छ, "आफ्नो जीवन र आँखाको ज्योति रहेसम्म यो कलामा समर्पित हुने चाहना छ। अब नयाँ पुस्तालाई यो क्षेत्रमा अगाडि बढ्नका लागि आफ्नो तर्फबाट सक्दो सन्देश फैलाउन योजना छ।"



कर्णलाई मिथिला चित्रकलाप्रतिको लगाव भने उहाँकी आमाले जागृत गराउनुभएको हो। त्यसलाई निखार्ने अवसर भने जनकपुर नारी विकास केन्द्रले दिएको हो। "म बच्चादेखि नै यो कलामा लागेको हो। मेरो आमाले चाडपर्वमा गोबर, चामलको पिठोबाट परम्परागत चित्रकला बनाउनुहुन्थ्यो। त्यहीँबेलादेखि चित्रकला सिक्ने भोक जोगको हो। नारी विकास केन्द्रले त्यसलाई निखार्न अभिप्रेरित गऱ्यो। त्यसको प्रस्थानबिन्दु भने २०५० साल थियो", कर्णले भन्नुभयो।

सो संस्थाले त्यस वर्ष ६३ जनालाई सहभागी गराएर चित्रकला प्रदर्शनीसहित अन्तर्वार्ता लिँदा त्यसबाट उत्कृष्ट प्रतिस्पर्धीका रूपमा छनोट भएर काम सुरू गरेको कर्णले जानकारी दिनुभयो। त्यसपछि नै उहाँको व्यावसायिक जीवन सुरू भएको हो। उहाँले छ महिनामै शाखाको व्यवस्थापक र मास्टर आर्टिस्ट, पछि संस्थाको सचिव, कोषाध्यक्ष र अध्यक्ष हुँदै २२ वर्षसम्म त्यहाँ काम गरेको स्मरण गर्नुभयो। उहाँ नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य पनि बन्नुभयो।

जनकपुरधाम-१० निवासी सुलोचना कर्णले पनि विगत ३० वर्षदेखि मिथिला चित्रकला कोर्दै आउनुभएको छ। निर्जिव वस्तुमा कोर्ने यहीँ चित्रकलाले आफ्नो जीवनलाई नै जिवन्त बनाइदिएको उहाँको बुझाई छ। "यहीँ काम गरेर आफ्नो पहिचान बनाए। थोरै भए पनि यो कामबाट आर्जेको पैसाले घरपरिवार चलाउन योगदान पुग्यो। यो भन्नुको अर्थ त्यसले मलाई स्वावलम्बी, आत्मनिर्भर र प्रतिष्ठित जीवन बाँच्नका लागि जीवनमै रङ भरिदियो", उहाँले रासससँग भन्नुभयो।

अरुणा हिङमाङ अहिले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य हुनुहुन्छ। प्रतिष्ठानको हस्तकला विभाग प्रमुख तथा मधेस प्रदेश समन्वय समिति संयोजकसमेत रहनुभएका उहाँ मिथिला चित्रकलामार्फत समाज परिवर्तन, विद्रोह, समाजका सुसुप्त आवाज, नारी समानताको वकालत गर्ने नारीवादी चित्रकारका रुपमा चिनिनुहुन्छ। हिङमाङ यहीँ कारणले आफूलाई प्रतिष्ठित संस्थाको प्राज्ञ बनाएको बताउनुहुन्छ। "चित्रकला भनेको सौन्दर्य र सजावटका लागि मात्रै होइन यो समाज परिवर्तनका लागि आवाज उठाउने शसक्त माध्यम पनि हो। मिथिला चित्रकला त यहाँका सीमान्त नारीहरूमा सुसुप्तरूपमा रहेको बिद्रोहको चेतनालाई प्रस्फुटित गर्दै आर्थिक, सामाजिक र नेतृत्व क्षमता विकासमा टेवा पुऱ्याउने आधार पनि हो", हिङमाङ भन्नुहुन्छ।

ललितकलाले पनि अनुसन्धान, सिर्जना र सम्मानका खातिर काम गर्दै आएको र आफ्नो उपस्थितिपछि मधेशका चित्रकारहरूलाई लक्षित गरी विभिन्न कार्यक्रम गरिरहेको बताउनुभयो। "यहाँको कलालाई थप प्रवर्द्धन गर्न पहिलोपटक (यही चैत २ देखि ५ गतेसम्म) ललितकला प्रदर्शनी सम्पन्न गरेका छौँ। त्यसले यहाँका प्रतिभाहरूको सिर्जनाको सम्मान र नारीहरूलाई थप क्रियाशील हुन सहयोग गरेको छ। आगामी दिनमा पनि थप कार्यक्रम ल्याएर यहाँका महिलाहरूलाई आर्थिकरूपमा टेवा पुग्ने गरी सीप निखार्ने खालका कार्यक्रम ल्याउने योजना छ", उहाँले भन्नुभयो।

हुन त मिथिला चित्रकला मिथिलाञ्चलको पहिचान, कला, संस्कृति, भाषा, साहित्यको त्रिवेणी हो। त्यसैले यहाँका हरेक नारीहरू कुनै न कुनै रूपमा यो सीपसँग परिचित छन्। त्रेता युगमा मिथिला नरेश रामलाई जनकपुरमा स्वागत गर्न राजा जनकले यहाँका भित्ताभित्तामा मिथिला चित्र बनाउन लगाएको किंवदन्तीबाट सुरुभएको यो मौलिक सभ्यातालाई विशेषगरी यहाँका तिनै नारीहरूले धानिरहेका छन्।

शदिऔँदेखि सामान्यतः बिहे, व्रतबन्ध, चाडपर्वमा घरआँगन रङ्गाउन प्रयोग हुने यो कला महिलाले आफ्नो मनोभाव चित्रमार्फत व्यक्त गर्ने एक माध्यमका रूपमा मात्रै सीमित थियो। विसं २०५० पछि भने महिला स्वतन्त्रता, सम्मान र स्वावलम्बनका लागि बलियो आधार बनेको छ। त्यसको ठूलो श्रेय नारी विकास केन्द्रलाई जान्छ। विगतमा मिथिला क्षेत्रको सिङ्गो लोकगाथा, सभ्यता र मधेशको जीवन बोक्दै आएको यो कलाले पछिल्लो समय यहाँका नारीहरूको आर्थिक जीवनलाई पनि उचाल्न सघाउ पुगेको छ।

"घुम्टो उघारेर अमेरिकासम्म पुग्ने। आर्थिक स्रोतमा बलियो पकड जमाउने र निर्भिकतापूर्वक स्वतन्त्र जीवन बाँच्ने आधारका रूपमा मिथिला चित्रकलालाई लिन सकिन्छ", मिथिला चित्रकलालाई आधुनिक स्वरूप दिन योगदान दिनुभएका डा. राजेन्द्र विमल भन्नुहुन्छ,"मिथिला चित्रकला यहाँको भाषा, कला, साहित्य र संस्कृतिको संगम हो। यसले मैथिल सभ्यता बोल्छ। यहाँको लोकजीवन बोक्छ। नारी हृदयबाट प्रस्फुटित आत्मिक भाव र रुपलाई शब्दचित्रमा ओकेल्छ।"

यसलाई थप सशक्त र व्यवस्थित बनाउने कार्यको सुरूवात भने नारी विकास केन्द्रको स्थापनापछि भएको डा. विमलको पनि भनाइ छ। "मिथिला चित्रकला यहाँका नारी, समाज र लोकआस्थालाई छुट्याउन सकिँदैन। त्यसैले यहाँका नारीहरू कुनै न कुनै रूपमा यससँग परिचित नै छन्। तर त्यसलाई व्यावसायिक बनाउने र जीविकोपार्जनको सशक्त आधार तय गर्ने कामचाहिँ त्यहीँ केन्द्रले गरेको हो।"

जनकपुर नारी विकास केन्द्रका व्यवस्थापक अभिनव अंशु नारी सशक्तीकरण र आत्मनिर्भरताका लागि यहाँका नारीमा रहेको कलालाई निखार्न केन्द्रले ठूलो सहयोग गरेको बताउनुहुन्छ। विशेषगरी नेपाली मिथिला क्षेत्रमा सीमित चित्रकलालाई विश्व जगतमा फैलाउन र घरमा सीमित रहेर आश्रित जीवन बाँचिरहेका महिलालाई आर्थिक, सामाजिक रूपमा सशक्त बनाउँदै संसार देख्न र बुझ्न यहीँ संस्थाले जग निर्माण गरिदिएको उहाँको भनाइ छ।

"मैथिल नारीहरूसँग केही न केही सीप छ। तर त्यसमा निखार र प्रचारको अभाव थियो। मिथिला चित्रकला, हस्तकला, सिलाइ र छपाइका सामग्रीमा सुन्दरता भरेर आर्थिक, सामाजिक र मनोवैज्ञानिक हिसाबले महिलालाई सशक्तीकरण गर्न हाम्रा अग्रजहरूले यो संस्था निर्माण गरेका थिए। त्यसको निरन्तरता दिइरहेका छौँ", उहाँ भन्नुहुन्छ,"तर यसलाई समयसापेक्ष विकासका लागि हामीले मात्रै चाहेर धेरै कुरा हुने अवस्था छैन।" नेपालको मौलिक मिथिला पेन्टिङको माध्यमबाट संसारमा चिनाउने र नारी समानता तथा स्वावलम्बनका लागि महत्वपूर्ण योगदान गर्नसक्ने भएकाले यस क्षेत्रको विकासका लागि सामूहिक पहलकदमी जरुरी छ।रासस


अर्नमा गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
अर्नमा, सिरहा

**सिलबन्दी दरभाउपत्र रद्ध सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८०/१२/२६

यस गाउँ कार्यपालिकाको मिति २०८०/१२/२३ गते बसेको निर्णय अनुसार तपशिल बमोजिमको ठेक्का नं. 06/GOODS/ARNRM/NCB/2080-08 योजना अस्पतालको लागि आवश्यक सामग्री खरिद कार्य संग सम्बन्धित हाल सम्मको सम्पूर्ण प्रक्रिया रद्द गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत



The Asia Foundation

**VACANCY ANNOUNCEMENT**

**Date of Announcement: April 9, 2024**

The Asia Foundation is a nonprofit international development organization committed to improving lives and expanding opportunities across Asia and the Pacific. Informed by 70 years of experience and deep local knowledge, our work is focused on governance, climate action, gender equality, education and leadership, inclusive growth, and international cooperation. We work in more than 20 countries through our 17 permanent country offices and programs across Asia and the Pacific, supported by a headquarters in San Francisco and an office in Washington, DC. Our funding comes from a diverse array of bilateral and multilateral development agencies, foundations, corporations, and individuals.

The Asia Foundation (the Foundation) invites applications from interested candidates to support the Foundation's program team for USAID Civil Society Media (CSM) program.


**Position: Monitoring, Evaluation, Research & Learning (MERL) Associate**

**No. of Vacancy: 1 (Madhesh Province, Janakpur)**

**Requirements**: Bachelor's degree in development studies, political science, international relations, public policy, economics, international development, or a relevant field. Minimum two years of experience in Monitoring, Evaluation, Learning, and Research programs. Experience in quantitative and qualitative data collection. Skills in data analysis is an advantage.

To see the full details of vacancy go to this link https://merojob.com/monitoring-evaluation-and-learning-associate/ The deadline for the application is April 14, 2024.

*The Asia Foundation is an equal opportunity employer and is committed to building a diverse and inclusive office environment. Women and people from economically and socially excluded groups are encouraged to apply.*




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# तस्करी रोक्नै पर्छ

छिमेकी भारतमा लोकसभाको निर्वाचन भइरहेको छ। देशको राजनीतिक भविष्य लेख्न लागेका भारतीय बालिग नागरिकलाई निर्वाध र स्वतन्त्र रुपमा मताधिकारको प्रयोग गर्न दिनुपर्छ । भारत संसारको सबै भन्दा ठूलो लोकतान्त्रिक गणतन्त्र राष्ट्र हो। भारतका नागरिकले निकै कठिन संघर्ष कयौं पटक गरे । कयौं हजार लोकतन्त्रवादीहरुले ज्यानको आहुति दिए। अंग्रेजबाट मुक्ति पाएको भारतमा निरन्तर लोकतान्त्रिक अभ्यास हुँदै आएको छ। पछिल्लो दुई कार्यकालदेखि भारतीय जनता पार्टीको सरकार छ। नरेन्द्र मोदी देशको प्रधानमन्त्री छन्। पाँच चरणमा हुन लागेको भारतीय लोकसभाको चुनाव नेपाली सीमावर्ती राज्यहरुमा पनि चरणबद्ध रुपमा नै भइरहेको छ । नेपाल जस्तै भारतमा पनि केही उम्मेदवारहरुले मतदातालाई आर्थिक प्रलोभन, मद्यमांस लगायतका प्रलोभनमा पारेर आफ्नो पक्षमा मतदान गराउने गरेका छन्। गरिब मतदाता रहेका क्षेत्रमा उम्मेदवारहरुले चुनाव आचारसंहिता विपरित मतदातालाई प्रभावित गर्ने काम गर्छन् । तर नेपालको धेरै जिल्ला सित जोडिएको भारतको बिहार राज्यमा मदिराको उत्पादन र बेचबिखन पूर्ण रुपमा प्रतिबन्धित रहेको छ। बिहारमा मदिरा बिक्री गर्ने र सेवन गर्ने दुवै पक्राउ परे कडा कानुनी कारबाही हुन्छ । बेच्ने र पिउने दुबैलाई जेल सजायको व्यवस्था छ । आर्थिक दण्डपनि गरिन्छ। तैपनि नेपालबाट तस्करी गरी बिहार राज्यमा मदिरा लगिन्छ। मदिराको तस्करीलाई रोक्न सीमावर्ती क्षेत्रमा दुवै देशले कडाइ गरेको छ। तर पनि तस्करी पूर्णरुपमा बन्द भएको छैन। तस्करी नियन्त्रण गर्न सुरक्षाकर्मीहरुले गरेको प्रयास धेरै हदसम्म सार्थक भइरहेको छ । नेपालबाट अवैध रुपमा जाने मदिरालाई रोक्न अझै बढी कडाइ गर्नु आवश्यक छ। भारतमा हुन लागेको निर्वाचनलाई स्वच्छ र निष्पक्ष रुपमा सम्पन्न गर्न नेपालको सहयोग पनि आवश्यक छ। खुल्ला सीमा रहेकाले अपराधिक तथा गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्ने सम्पूर्ण जिम्मेवारी सुरक्षाकर्मीमाथि छ। समाजमा चेतना फैलाएर पनि तस्करीलाई नियन्त्रणमा सहयोग लिन सकिन्छ। नेपालबाट तस्करी हुने मदिरा लगायतका सामग्रीमा नेपाली सुरक्षाकर्मीले नियन्त्रण गर्ने र भारतबाट तस्करी हुने लागूऔषध, लत्ताकपडा, खाद्यान्न सामग्रीलगायतका भारतीय सुरक्षाकर्मीले नियन्त्रण गर्न आवश्यक छ । नेपाल र भारत बीचको खुल्ला सीमा संसारमै दुई छिमेकी बीचको सम्बन्ध अद्वितिय रहेको दर्शाउँछ। तर त्यसको नजायज फाइदा लिन चाहनेहरुलाई दुवै देशका सुरक्षानिकायले निरुत्साहित गर्नुपर्छ । भारतीय लोकसभाको चुनावलाई प्रभावित गर्न नेपालबाट हुने मदिरा तस्करीलाई पूर्ण रुपमा नियन्त्रण गर्नुपर्छ।

# धार्मिक प्रवचनको धन्दा



रोशन जनकपुरी

विगतमा आध्यात्मिक ज्ञान र धार्मिक पथमा जीवन खपाएका वृद्ध साधू, सन्तहरु मन्दिर र धर्मस्थलहरुमा दर्शन गर्न आएका भक्तजनहरुलाई इहलोक र परलोक दुबै सार्थक र कल्याणकारी बनाउन प्रवचन दिने गर्थे । यस्ता प्रवचनको निम्ति कुनै खासै विशेष आयोजन गर्नु पर्दैनथ्यो । यस्ता साधुहरु प्रायःघुमक्कड किसिमका र सरल स्वाभावका आध्यात्मिक शास्त्रका जानकारहरु हुनेगर्थे । त्यसैले यिनीहरु प्रति भक्तजनहरुमा राजकीय संरक्षणमा रहेका मन्दिरका महन्त र पुजारीको तुलनामा विशेष श्रद्धाभाव हुने गर्थ्यो । यिनीहरुले गर्ने प्रवचनका आयोजनहरु सरल र सहिष्णु प्रकृतिका आध्यात्मिक आयोजन हुनेगर्थ्यो । यस्ता आयोजनमा प्रवचकको ज्ञानको सीमा महत्वको विषय त हुन्थ्यो, तर यस्ले मानवीय सहिष्णुता बोकेको हुन्थ्यो ।

समयसंगै प्रवचन समारोहहरुको चरित्र फेरिएको छ । विगतमा सामाजिक सहभागितामा गरिने प्रवचनहरु अचेल व्यावसायिक भएको छ। पेशा र व्यवसायका अन्य क्षेत्र जस्तै प्रवचनपनि अकूत आम्दानी हुने धन्दामा विकसित भएको छ। अचेल छिमेकी देश भारतका वाराणसी, ऋषिकेश, वृन्दावन जस्ता अनेक धार्मिक महत्वका नगरहरुमा प्रवचनको निम्ति प्रशिक्षण केन्द्रहरु सञ्चालित छन्, जहाँ वेद, पुराण, उपनिषद्, गीता लगायतका विषयहरुमा नियोजित र एकीकृत पाठ्यक्रम पढाइन्छ । यस अतिरिक्त दशकौँदेखि प्रवचनगर्दै आएका बुढा पुस्ताका प्रवचकहरुका शिष्यहरुपनि छन्, जो गुरुहरुको व्यासपीठका छेउमा बसेर, सुनेर प्रवचक बन्छन् । यस धन्दामा अकूत आम्दानी हुने, आध्यात्मिक गुरुको रुपमा सम्मानपनि प्राप्त हुने र सेलीब्रेटीपनि बन्ने हुनाले चतुर अभिभावकहरुले आफ्ना छोरा छोरीलाई कुनै गुरुज्युको शिष्य बन्न लगाएर अथवा कुनै प्रशिक्षण केन्द्रमा भर्ना गरेर प्रवचक बन्न लगाउँछन् । अर्कोतिर मध्यवर्गीय धनाढ्य व्यवसायीहरुको जमात छ (यस्तो जमातमा साधु र गृहस्थ दुबै समाजका हुने गर्छन्) जस्ले प्रवचन समारोहमा लगानी गर्छ। प्रवचकहरुले आफ्नो प्रवचनलाई आकर्षक र भव्य बनाउन व्यावसायिक संगीत मन्डलीको व्यवस्था गरेको हुन्छ। प्रवचकले संगीतमन्डली सहितको खर्चको अनुमान गरेर लगानीकर्तासंग आर्थिक सम्झौता गर्छ र निर्धारित अवधिको निम्ति संगीतमय प्रवचनको आयोजन हुने गर्छ। यस्तो आयोजनको गोप्य विषय के हुन्छ भने प्रवचकले कबोल बराबरको रकम पाउँछन्, भने आयोजनमा श्रद्धालु भक्त श्रोतागणले चढाएको दान दक्षिणा र चढावाहरु कबोल बमोजिम आयोजकको हुनेगर्छ। यस्ता धार्मिक प्रवचनहरुको आयोजनको निहुँ कुनै कलेज, अस्पताल वा कुनै जनकल्याणकारी उद्देश्य हुने गर्छ । देखाउनलाई प्रवचन समारोहबाट प्राप्त आम्दानीको एउटा सानो हिस्सा कहिलेकाँही कुनै जनकल्याणकारी उद्देश्यमा खर्च गरिएपनि यस्को ठूलो हिस्सा लगानीकर्ता आपसमा बाँड बखडा गर्ने गर्छन्। यो बाँडबखडाको काम भने गोप्य हुने गर्छ। यसरी विगतमा सहज र सोझा भक्तजनहरुको साझा सहयोगमा आयोजन हुने धार्मिक प्रवचनहरु ठेकेदारी व्यवसायमा परिणत भएका छन् । भन्नेहरुले त यस्ता प्रवचनहरुमा सामान्य भक्तजनहरुले दिने साना दान र चढावाहरु सामान्य भएको, असलमा, यस्मा ठूला धनाढ्यहरुले लाखौँको चन्दा दानपनि दिएर, यसै निहुँमा आफ्ना कालाधन चोख्याउने गरेको कुरापनि गर्छन् । तर यहाँ त्यसतर्फ न जाउँ । यस्को प्रत्यक्ष स्वरुपलाई नै अवलोकन गर्ने हो भने यो 'हिङ्ग लगे न फिटकिरी, रंग चोखा ही चोखा' भनेझैँ सहजै मनग्गे कमाइ हुने व्यवसाय हो भन्ने प्रष्ट देखिन्छ।

विगतमा धार्मिक अनुशासनमा बाँधिएका र प्रबुद्ध सन्तहरु प्रवचक हुने गर्थे। शैव, वैष्णवी, शाक्त, स्मार्त, वा अज्ञेयवादी बौद्ध, जैन आदि धर्म र सम्प्रदायका प्रवचकहरु, प्रायः सबै गृहस्थ त्यागेर आ-आफ्ना मान्यता र समर्पणको सम्प्रदाय र संस्थाको प्रचारमा जीवन अर्पण गरेका हुन्थे। उनीहरुमा एकखालको त्यागी प्रवृत्ति देखिन्थ्यो । उनीहरुलेश्रद्धालू भक्तजनले दिएको दान दातव्यहरुबाट आफ्नो न्यून आवश्यकतापूर्तिको निम्ति राखेर अरु अन्य गरिब, गुरुवालाई दिन्थे र अन्य सम्पन्न व्यक्तिहरुलाई पनि यस्तै गर्ने सल्लाह दिन्थे।

म अनिश्वरवादी छु, मलाई कुनै अलौकिकतामा विश्वास छैन र मेरो समर्पण मानवीयतामा छ । तरपनि मलाई स्मरण छ, मेरो किशोर अवस्थासम्म जनकपुरमा एकजना नागाबाबा रहन्थे। रामानन्दीय रसिक सम्प्रदायभित्रको सखी सम्प्रदायका यी रिसाहा साधुले सबैलाई गाली नै गर्थे। उनी सिद्धसन्त हुन् र उनले आशीष दिए भने कल्याण हुन्छ भन्ने विश्वास जनसामान्यमा थियो । त्यसैले उनले गाली दिएमा पनि मानिसहरु खुशी हुन्थे। उनी दिगम्बर स्वाभावका थिए, मनलाग्यो नाङ्गै हुन्थे, मनलाग्यो चोली घाघ्रा र गहना लगाएर डुल्ने गर्थे। उनका श्रद्धालू भक्तजनले उनलाई सुन र चाँदीका गहनापनि दिन्थे। तर उनले ती गहनाहरु प्रायः उनलाई सेवा सुश्रुषा गर्ने मानिसहरु र उनलाई डुलाउने रिक्सावालाहरुलाई दिने गर्थे । उनले प्रवचन गरेको दुर्लभ नै थियो । कहिलेकाँही अत्यन्त खुशी भएको बेला मन लाग्यो भने बाटा हिँडी रहेका मानिसहरुलाई बस्न लगाएर उनले छोटो प्रवचन दिन्थे, तर अन्त भने घनघोर गालीबाट नै हुन्थ्यो। उनले आफूलाई जानकीको सखीको रुपमा प्रस्तुत गर्थे। यो रसिक सम्प्रदायभित्रको साधुहरुको जीवनको एउटा रुप हो । सबै प्रवचकहरु यस्तै जीवन बाँच्थे भन्ने छैन। तर विगतका प्रवचकहरुमा अधिकांशमा सम्प्रदाय अनुकूलको सहज जीवन हुने गर्थ्यो। र प्रवचनको उद्देश्य उनको विश्वास अनुसार मानिसलाई परमेश्वरसंग एकाकार वा मोक्ष (जन्म र मृत्युको चक्रबाट मुक्त हुने प्रत्ययवादी साम्प्रदायिक दार्शनिक प्रवृत्ति)को निम्ति प्रेरित गर्नु हुन्थयो।

अहिलेका प्रवचन आयोजनहरु अत्याधुनिक सुविधासम्पन्न कुनै धार्मिक कन्सर्ट जस्ता हुन्छन् । उल्लेखनीय छ, यस्ता धार्मिक कन्सर्टहरुमा हिन्दी र भोजपुरीका यस्ता हिट गीतहरुको प्यारोडीपनि गाइएका हुन्छन्, जस्को ओरिजनल गीतहरु अश्लील समेत हुने गर्छन् । हुन त विगतका प्रवचन समारोहहरुमा पनि गीतहरु गाउने गरिन्थ्यो, तर ती लोकधुन र पारम्परिक धार्मिक भजनहरु हुने गर्थे । यस्ता आयोजनका प्रवचकहरुलाई रुपरंगमा भव्य र दैवीय आवरणमा प्रस्तुत भएपनि यिनीहरुको सार्वजनिक जीवनशैली समृद्ध, धनी र अभिजात्यवर्गीय भौतिक सुविधासम्पन्न हुने गर्छ। विगतका धर्मप्राण प्रवचक जस्तो अचेलका प्रवचकहरुले सरल जीवन बाँच्न आवश्यक ठान्दैनन् । स्वर्णमय सज्जित मञ्चमा निर्मित सुललित व्यासपीठमा बसेर जगत र मानवीय जीवनको निरर्थकता तथा पापमयता तथा वैराग्य र सरल धर्मप्रेरित गृहस्थ जीवनको ज्ञान दिने यी प्रवचकहरु आफै घोर भौतिक जीवन बाँची रहेका हुन्छन् । अरुलाई सत्य र इमान्दारीको शिक्षा दिने यी प्रवचकहरुको कमाईको बाटो नै भक्तजनको जानकारीलाई भ्रमित गर्नुबाट शुरु हुन्छ। प्रायः सबै प्रवचकहरुले एउटा धार्मिक संस्था खडा गरेका हुन्छन् । यी धार्मिक संस्थाहरुको उद्देश्य जगतको कल्याण भनिएको हुन्छ। तर यथार्थमा यी संस्थाहरु धार्मिक पसलहरु हुने गर्छन्, जहाँ धार्मिक पुस्तक मात्र होइन, प्रवचकको महिमा गान गाइएका पुस्तिकाहरु, माला, रुद्राक्ष, प्रवचकको तस्वीर, प्रवचकले इष्ट मान्ने गरेको देवता र देवीको तस्वीर, आदि विविध धार्मिक सामग्रीहरु महँगो शूल्कमा बिक्री गर्ने गरिन्छ। यति मात्र होइन, अब त यससंगै आयुर्वेदिक औषधि, शक्तिवर्द्धक औषधिहरु, रसाबुन र विलासी सामग्रीहरु बिक्री गर्ने गरिन्छ । प्रवचकले प्रवचनको क्रममा उनको शिविरमा बिक्री हुने सामग्रीको यसरी प्रचार गर्छ, मानौं यस्को खरिद गर्नुपनि पुण्य र धर्मको काम नै हो। उसले आफ्नो संस्था लोकको हित र धर्मको रक्षार्थ काम गरेको, त्यसैले यहाँबाट कुनै सामान खरिद गर्नु धर्म हितार्थ हुने भन्छ। यसकारण धर्मभीडू भक्तजनहरु पुण्य हुने भ्रममा, खुला बजारमा सस्तोमा पाइने सामग्रीहरु शिविरमा महँगोमा खरिद गरेर खुशी खुशी गोजा हल्का गरिरहेका हुन्छन्। यस्तो खरिदमा भक्तजनलाई परमारथको लाभ प्राप्त हुन्छ भन्ने कुनै ठेगान छैन, तर प्रवचक महाराजको गोजामा धन भने अवश्य बढछ। यसरी हेर्दा हेर्दै प्रवचनको धन्दा करोडौंको व्यवसायमा परिणत भइसकेको छ।

यस्ता प्रवचन समारोहको आयोजनमा अनेकौं प्रकारका भौतिक सामग्रीको उपयोग हुन्छ, खरीद बिक्री हुन्छ, त्यसैले यो बजारपनि हो। यस्मा हजारौँ लाखौं मानिसहरुको उपस्थितिपनि हुन्छ, त्यसैले चुनावी राजनीतिमा प्रचारको निहुँ खोजी रहेका राजनीतिकहरुको निम्ति प्रचारस्थलपनि हो। यतिमात्र किन जनतामा धार्मिक प्रभाव रहने हुनाले प्रवचकहरु चुनावी नेताहरुको निम्ति प्रचार साधनहरुपनि हुने गर्छन्। पर्दा पछाडी प्रवचकहरु हात जोडेर उभिएपनि मञ्चमा भने नेताहरुले प्रवचकलाई सन्तको रुपमा ढोगेको र आशिर्वाद लिएको तस्वीर खिँचाउन मन पराउँछन् । 'अन्दरकी बात' के हो भने चुनावी राजनीतिमा पार्टी विशेषका फरक फरक प्रवचक साधु सन्तहरु हुने गर्छन्, जस्ले आफू नजिकको राजनीतिक पार्टी र नेतालाई भोट दिन मतदातालाई प्रेरित गर्छन्।

गज्जब छ नि ! वास्तवमा प्रवचनको धन्धा चलाई रहेका यी प्रवचकहरुलाई बजार र राजनीतिले सन्त र साधुको रुपमा प्रस्तुत गर्छ । यस्को निम्ति नेताहरु, बुढा पुस्ताका प्रभावशाली साधुहरु, बौद्धिकहरु र समाजसेवी व्यापारीहरुलाई मञ्चमा उपस्थित गराइन्छ । एउटा प्रसिद्ध र प्रभावशाली प्रवचकलाई अर्को प्रवचकको मञ्चमा अभिनन्दनको नाटक मञ्चन गरिन्छ । दुबै प्रवचकहरुले एक आपसको गुणगाण गर्छन्, प्रशस्ति पढछन् र एक अर्कासंग गला मिलेर आध्यात्मिक भाव र भावुक करुणामय दृश्य मञ्चन गर्छन्। छेउमा वा पृष्ठभूमिमा बसेर नेताजी, व्यापारीजी र बौद्धिक महोदयहरु भावविह्वल भएर ताली बजाउँछन् । रजनीश वा ओशो र पी. कृष्णमूर्ति जस्ता प्रवचकहरुको प्रवचनमा त केही दार्शनिक भावहरुपनि हुने गर्थ्यो, तर विगत पचासवर्षमा परमहंस, बाल योगेश्वर, सतपालजी महाराज, मुरारी बापू, रामपाल, रामरहिम, आशाराम बापू देखी श्री श्री रविशंकर, रामदेव र सदगुरु जग्गी वासुदेव, र युवा जयाकिशोरी र बाबा बागेश्वरधाम लगायतको लामो पंक्ति छ, जस्ले धार्मिक शब्दावलीको प्रयोग गरेर असहिष्णु धार्मिक लफ्फाजीगरेर अधिकतम कथावाचक मात्र हुने गर्छन्। यस मध्ये कयौँ यौनजन्य र ज्यानमार्ने अपराधमा दण्डमा जेल भोगी रहेका छन् । प्रायः दक्षिणी छिमेकी भारतलाई केन्द्र बनाएर धर्म र प्रवचनको व्यवसाय गर्नेहरुबाट प्रभावित भएर नेपालमा पनि सडक छेउमा प्रवचनको शिविर लगाउनेदेखि स्थायी व्यासपीठ खडा गर्ने दीनबन्धु पोखरेल र श्रीनिवास आचार्य जस्ता प्रवचक र धार्मिक राजनीतिक साधुहरु प्रवचनको माध्यमबाट विकास गरिरहेका छन्। यिनीहरुको पनि धर्म र प्रवचनको मूख्य आधार बजार, उपभोक्तावादी भव्यता र राजनीतिक गँठजोड नै हो। अझ मूख्यतः अर्थाकर्षण नै हो।

वस्तुतः वर्तमान चुनावी राजनीतिमा धर्म एउटा प्रभावशाली हतियार बनिरहेको छ।यसले बजारलाई पनि प्रभावित गरिरहेको छ। त्यसैकारण विगत पचासवर्षमा प्रवचन र प्रवचकहरुको सौम्य र सहिष्णु अनुहारको ठाउँ भव्य साज सज्जा र व्यवावसायिक मोडेलको अनुहारले लिएको छ । वस्तुतः नवसाम्राज्यवाद र उपभोक्तवादी वैश्विक संस्कृतिको क्षेत्रीय संस्करणको रुपमा धर्म र प्रवचन बजारको सबैभन्दा प्रभावशाली उपकरणको रुपमा विकसित भएको छ। यो हिन्दुमा मात्र होइन, मुस्लिम र बौद्ध लगायत प्रायः सबै धर्म र सम्प्रदायमा विकसित भै रहेको छ। चिन्ता के छ भने अहिलेका यी प्रवचनको धन्दाले समाजभित्र साम्प्रदायिक संकीर्णता र दूरी सृजना गर्दै छ र समाजमा धार्मिक र साम्प्रदायिक उन्माद बढदै गै रहेको छ । आवश्यक छ समाजमा सामाजिक सहिष्णुता र हार्दिकता बढोस । तर धर्म र राजनीति बजारको उपकरण बनेपछि यो सम्भव देखिँदैन । यस्को निम्ति यथार्थको अनुभूतिगर्न आवश्यक छ।

> नवसाम्राज्यवाद र उपभोक्तवादी वैश्विक संस्कृतिको क्षेत्रीय संस्करणको रुपमा धर्म र प्रवचन बजारको सबैभन्दा प्रभावशाली उपकरणको रुपमा विकसित भएको छ । यो हिन्दुमा मात्र होइन, मुस्लिम र बौद्ध लगायत प्राय: सबै धर्म र सम्प्रदायमा विकसित भै रहेको छ । चिन्ता के छ भने अहिलेका यी प्रवचनको धन्दाले समाजभित्र साम्प्रदायिक संकीर्णता र दूरी सृजना गर्दै छ र समाजमा धार्मिक र साम्प्रदायिक उन्माद बढदै गै रहेको छ । आवश्यक छ समाजमा सामाजिक सहिष्णुता र हार्दिकता बढोस । तर धर्म र राजनीति बजारको उपकरण बनेपछि यो सम्भव देखिँदैन । यस्को निम्ति यथार्थको अनुभूतिगर्न आवश्यक छ ।

# योजना सुरु हुन्छन्, सम्पन्न हुँदैनन्

हुमाकान्त पोखरेल

गुल्मीको इस्मा गाउँपालिकाले रिङरोडका नाममा विसं २०७५ मा वडा नं २ की चन्द्रा कुमालको घर माथिबाट सडक खन्न सुरु गऱ्यो । माथिबाट सडक खन्दा घरलाई जोखिम हुने भएपछि पुनःघर तलपट्टिबाट सडक खनियो। माथिबाट बाटो खन्दा गएको पहिरोले घर पुरियो भने तलपट्टिबाट खनेको सडकका कारण गरिखाने पाटो सकियो । अहिले तलपट्टिको बाटोको किनारमा बचेको थोरै जग्गामा कुमाल परिवारले झुपडी बनाएर जेनतेन बासस्थानको जोहो गरेको छ। घर पुरिएपछि तत्कालीन वडाध्यक्ष टीका रेश्मीसहितका जनप्रतिनिधिले नयाँ घर बनाइदिने आश्वासन दिए पनि लामो समयसम्म रकम नै निकासा भएन।

केही समयपछि गाउँपालिकाले बल्लतल्ल रु एक लाख ४० हजार दियो। तर अहिले उक्त बाटोको कन्तबिजोग छ। सडकको कतिपय खण्डमा त्यसयता डोजरसमेत चलेको छैन । अर्थात् बाटो पूर्णरुपमा निर्माण भएकै छैन । "सडक बनाउँदा घर र बारी दुवै सकिए तर यो बाटोमा एम्बुलेन्ससमेत आउन सक्दैन । यस्तो बाटो बनाएर के फाइदा भयो ?", कुमालले भन्नुभयो। कुमाललाई सडकले आफ्नो परिवारको उठिबास लगाएकामा भन्दा पनि उहाँलाई त्यसरी बनाएको सडक सञ्चालन नभएकामा दुःख लागेको छ।

इस्मा गाउँपालिकाको चक्रपथअन्तर्गतको चिसापानीबाट पनाहाघाटसम्म जोड्ने सडकको लागि पालिकाले २०७५ मा नयाँ ट्र्याक खन्न सुरु गरेको हो। अहिले पनि गुर्वाघाटदेखिको सडक पूर्णरुपमा अवरुद्ध नै छ। पैदल यात्रा समेत गर्न सकिँदैन। "बाटो सञ्चालन नै नगर्ने भए किन खन्नुपर्थ्यो ?", स्थानीय सुनिल खत्रीले भन्नुभयो, "सरकारी बजेट दुरुपयोग गर्न असार मसान्तमा डोजर चलाए।" सो बाटो अवरुद्ध हुँदा विद्यार्थीहरु समयमा विद्यालय जान नपाएको उहाँले बताउनुभयो । उक्त बाटो सञ्चालन नहुँदा पालुखा भेगका विद्यार्थीलाई विद्यालय जानका लागि आधा घण्टाभन्दा बढी पैदल हिड्नुपर्ने खत्रीले बताउनुभयो।

हालसम्म उक्त सडकमा रु चार करोड आठ लाख ७० हजार रकम खर्च भएको इस्मा गाउँपालिकाका सूचना अधिकारी नारायण महतले बताउनुभयो । उक्त सडकले इस्माको रातडाडाँ-हर्पुकोट-ठाडढुङ्गा, दोहोली, डाँडीपोखरा-दोबाट-सिरार-अमरपुर-राङदलचौर-हुलाके-राहाले-सिल्तुङ्ग-पालुखा-छल्दीपनाह-रातडाडाँ जोड्छ। यस्तै गतिमा काम हुने हो भने उक्त सडक सम्पन्न हुन दशकौं लाग्ने देखिन्छ।

सोमर-भोमर-निन्युखर्क-हाडहाडे सडकअन्तर्गत धुर्कोट गाउँपालिका-३ हाडहाडेमा २०७८ को असार मसान्तमा डोजर चल्यो । त्यसपछि उक्त ठाउँमा माथिबाट पहिरो झरेर सधैँ समस्या भइरह्यो । सडककै कारण हाडहाडेको साविकको निन्युखर्कको गनेयपोखरामा पहिरोले एनसेलको टावर र करिब १५ घरधुरी जोखिममा छन् । "असार मसान्तमा स्थानीयको भावनाविपरित अनावश्यक ढङ्गले डोजर चल्यो," स्थानीय छमकुमारी श्रीसले भन्नुभयो, "विकासका नाममा हामीलाई सास्ती भएको छ।" सधैँ वर्षायाममा पहिरो गएर यातायातमा समस्या हुने पनि उहाँले बताउनुभयो । वडाध्यक्ष पदम विष्टले उक्त सडकको तलपट्टीको भाग पनि भासिएकाले गाउँपालिकाले निर्माण गर्न थालेको सहिद मार्गमा पनि असर पुग्ने बताउनुभयो। वडाध्यक्ष विष्टले बजेट सकिएको बाहाना बनाएर सम्बन्धित कार्यालयले काम नगरेको आरोप लगाउनुभयो।

इस्मा गाउँपालिकाले ४५० भन्दा बढी घरमा 'एक घर-एक धारा' पुऱ्याउनको लागि २०७८ मा योजना सुरु गऱ्यो। "छल्दी मझ्याङ रतलारुख ताल्तुङ सिन्दुखा लिफ्टिङ खानेपानी आयोजना' नाम दिइएको यस योजनाको लागि हालसम्म दुई करोडभन्दा बढी खर्च भएको छ। अहिलेसम्म पाँचवटा ट्याङ्की, मोटर खरिद र लिफ्टिङको लागि भवन पनि निर्माण भएको छ। १२६ घरमा सप्लाई पाइपलाइन पनि जडान भएको छ। तर, अहिलेसम्म एक घरमा पनि पानी झरेको छैन।

"धारा जडान भएको लामो समयसम्म पनि पानी आएन, अघिल्लो सरकारले सुरु गरेको योजनामा अहिलेको सरकारले बजेट नै राखेन", इस्मा-२ का स्थानीय राजु नेपालीले भन्नुभयो, "बनेका ट्याङ्की पनि फुट्न थालेका छन्।" अर्का स्थानीय राजेन्द्र विक्रम कुँवरले एकातर्फ समयमा बजेट खर्च नभएको तथ्याङ्क सार्वजनिक हुन्छ, अर्कोतर्फ बजेट नराखेर योजनालाई अलपत्र पारिएको बताउनुभयो। अहिले पालिकाले बजेट विनियोजन नगर्दा सर्वसाधारणले खानेपानीको समस्या झेलिरहेको बताउनुभयो। इस्मामा यसअघि एमाले नेतृत्वको स्थानीय सरकार थियो भने अहिले काँग्रेस नेतृत्वको सरकार छ।



माथि उल्लेखित योजना बजेट नपरेर वा बजेटको सही सदुपयोग नभएर अलपत्र परेका केही प्रतिनिधिमूलक उदाहरण मात्रै हुन्। असार मसान्तमा डोजर चलाएर पहाड भत्काउने तर त्यसपछि योजनाबारे चासो नदिने, योजनाको दीर्घकालीन कार्ययोजना नबनाउने जस्ता समस्याले विकास निर्माणका काममा ढिलाइ हुँदै आएको छ । अर्कोतर्फ फिल्डमा काम नहुने तर कागजमा काम भएको देखाउने 'असारे विकास'को प्रवृत्ति पनि मौलाएको छ।

### छ महिनाको विकास खर्च १८ प्रतिशत मात्रै

जिल्लामा आर्थिक वर्षको सुरुआती विकास खर्च हेर्ने हो भने निकै निराशाजनक छ। चालु आर्थिक वर्षको साउनदेखि पौष मसान्तसम्म जिल्लाका १२ पालिकामा कुल १८.७० प्रतिशत मात्रै विकास खर्च भएको छ। चालु आर्थिक वर्षको लागि जिल्लाको १२ पालिकाको कुल पुँजीगत बजेट रु दुई अर्ब चार करोड ३४ लाख ७६ हजार ७५५ हो। तर, सुरुको छ महिनामा जम्मा ३८ करोड २२ लाख ३५ हजार ७६६ रुपैँया ८४ पैसा मात्रै खर्च भएको छ। अबको छ महिनामा पालिकाहरुले कुल बजेटको ८१.३ प्रतिशत अर्थात् रु एक अर्ब ६६ करोड १२ लाख ४० हजार ९८८ खर्च गर्नुपर्ने हुन्छ। चालु आवको लागि जिल्लाका सबै पालिकाले दुई हजार ८८७ योजना विनियोजन गरेकोमा पौष मसान्तसम्म एक हजार ८९५ योजना मात्रै सम्झौता भएका छन्।

जिल्लामा सबैभन्दा बढी धुर्कोट गाउँपालिकाले छ महिनामा विकास बजेट खर्च गरेको छ। चालु आवमा धुर्कोटमा २१ करोड ८९ लाख ४४ हजार २८५ विकास बजेट रहेकामा रु १२ करोड १८ लाख ६४ हजार ७९५ खर्च गरेको छ जुन कुल बिनियोजित बजेटको ५५.६६ प्रतिशत हो। धुर्कोटले कुल ५४६ योजना निर्माण गरेकामा १०३ योजना सम्झौता भएको सूचना अधिकारी खड्ग थापाले जानकारी दिनुभयो।

छ महिनामा पुँजीगत खर्चको हिसाबले इस्मा गाउँपालिका सबैभन्दा कमजोर देखिएको छ। कुल रु १५ करोड ५१ लाख ३४ हजार विकास बजेट रहेको इस्माले त्यसको ३.१५ प्रतिशत अर्थात ४८ लाख ९३ हजार २५६ मात्रै खर्च गरेको छ। सूचना अधिकारी नारायण महतका अनुसार इस्मामा चालु आवका लागि २११ योजना रहेकामा ९२ योजनामा सम्झौता भएको छ।

### खरिद प्रक्रिया नै झन्झटिलो छ

मालिका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकास खनालले केही नीतिगत समस्याका कारण विकास बजेट समयमै खर्च हुन नसक्ने बताउनुभयो। विकास कार्य ढिलाई हुनुमा आव सुरु भएको केही दिनपछि जिल्लामा दररेट समितिको बैठक बसेर सबै निर्माण कार्यको दर निर्धारण हुने र भदौमा मात्रै दर विश्लेषण हुने एउटा कारण रहेको बताउनुभयो। खनालले नेपालको सार्वजनिक खरिद ऐनको प्रक्रिया नै झन्झटिलो रहेको बताउनुभयो । "सार्वजनिक खरिद ऐनअनुसार अन्तराष्ट्रिय स्तरको ठेक्का ४५ दिन, राष्ट्रिय स्तरको ३० दिन र स्थानीय स्तरको १५ दिनको म्याद राखेर खोल्नुपर्ने हुन्छ" खनालले भन्नुभयो। यो सबै प्रक्रिया अपनाउदा भदौ महिना सकिने, त्यसपछि दसैँ-तिहारजस्ता ठूला चाडपर्वले काम रोकिने उहाँको भनाई छ।

रुरु क्षेत्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बोलपत्र निकाल्ने काम नै असोजसम्म हुने भएकाले काममा ढिलाइ भएको प्रतिक्रिया दिनुभयो। "सूचना प्रकाशनदेखि सम्झौतासम्म जाँदा नै दुई महिना लाग्छ,' उहाँले भन्नुभयो, 'सुरुमा चाहेर पनि पुँजीगत खर्च हुँदैन।" साउनमा भुक्तानी नै नहुने र भदौ, असोज र कात्तिकसम्म केही साना योजना मात्रै भुक्तानी हुने उहाँले बताउनुभयो। उहाँले असार मसान्त केन्द्रित विकास रोक्नको लागि भदौबाट नै काम सुरु हुने प्रकारको वातावरण सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो।

चन्द्रकोट गाउँपालिकाका अध्यक्ष युवराज केसी पनि सरकारले बजेट निकासको प्रणाली सच्याउनुपर्ने बताउनुहुन्छ। पालिकालाई खर्च गर्ने अधिकारसहित निकासा नदिँदा समस्या भएको केसीले बताउनुभयो । "राजस्व बाँडफाँटको शीर्षकको रकम मासिक नभएर पुस वा असार मसान्तमा मात्रै आउने गर्दछ", केसीले भन्नुभयो, "त्यसले गर्दा कतिपय योजना सम्पन्न भएर पनि भुक्तानी दिन पाइएको छैन।" केसीले सङ्घ र प्रदेश सरकारअन्तर्गतका योजना कार्यान्वयनमा ढिलाइ भएको बताउनुभयो।

# राष्ट्रिय सुरक्षासंग जोडिएका सुरक्षण मुद्रण सरकारले गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले राष्ट्रिय सुरक्षासँग जोडिएका विभिन्न छ प्रकारका सरकारी कागजात सुरक्षित मुद्रण केन्द्रबाट नै छपाई गर्ने गरी प्रतिवेदन पारित गरेको छ।

सोमबार बसेको प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकले सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ सम्बन्धी प्रतिवेदन पारित गरेको हो । समितिको बैठकले नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, बैंक नोट, अन्तःशुल्क स्टिकर र सवारी चालक अनुमतिपत्र केन्द्रबाट मात्रै छपाइ गर्ने गरी उक्त प्रतिवेदनलाई टुङ्गो लगाएको हो । राष्ट्रियसभाबाट पारित भएको उक्त विधेयकमा नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, बैंक नोट मात्र सुरक्षित मुद्रण केन्द्रले छपाइ गर्ने व्यवस्था गरिएको राष्ट्रिय परिचयपत्र, राहदानी, बैंक नोट, अन्तःशुल्क स्टिकर र सवारी चालक अनुमति पत्रबाहेक अन्य सरकारी कागजात सुरक्षित मुद्रणले छपाइ गर्न नसकेको अवस्थामा सरकारी स्वामित्व वा अधिकांश शेयर भएका निकाय वा संस्थाले गर्ने व्यवस्था गर्न लागिएको जानकारी दिईन् ।

"यो विकल्पबाट पनि छपाइ गर्न नसकिएको अवस्थामा मात्रै निश्चित मापदण्ड तय गरी प्रतिस्पर्धाका आधारमा मात्रै निजी क्षेत्रलाई पनि दिन सकिने व्यवस्था राखिएको हो", मन्त्री शर्माले भनिन्, "सिधै निजी क्षेत्रलाई दिने भनिएको भए गम्भीर विषय हुन्थ्यो, तर दुई चरण पूरा गरिसक्दा पनि छपाइ गर्न नसकिएको अवस्थामा छ वटाबाहेक प्रतिस्पर्धाका आधारमा मन्त्रिपरिषद्बाट निजी क्षेत्रलाई दिने व्यवस्था गरौँ ।"

> समितिको बैठकले नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, बैंक नोट, अन्तःशुल्क स्टिकर र सवारी चालक अनुमतिपत्र केन्द्रबाट मात्रै छपाइ गर्ने गरी उक्त प्रतिवेदनलाई टुङ्गो लगाएको हो ।

थियो । समिति बैठकले उक्त व्यवस्थामा अन्तःशुल्क स्टिकर र सवारी चालक अनुमति पत्र पनि केन्द्रले नै छपाइ गर्ने गरी प्रतिवेदन पारित गरेको हो ।

समितिले प्रतिवेदनमा उक्त सरकारी दस्तावेजबाहेक अन्य सुरक्षण मुद्रणसम्बन्धी कार्य नेपाल सरकारको स्वामित्व वा अधिकांश शेयरभएका निकाय वा संस्थाबाट गर्न सकिने व्यवस्था राखेको छ । केन्द्रले छपाइ गर्ने बाहेकका अन्य सुरक्षण मुद्रण सरकारी स्वामित्व वा अधिकांश शेयर भएका निकाय वा संस्थाबाट छपाइ गर्न नसकिएको अवस्थामा नेपाल सरकारबाट स्वीकृति लिएका निजी क्षेत्रबाट पनि छपाइ गर्न सकिने व्यवस्था गरिएको छ ।

बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले महत्वपूर्ण सरकारी कागजात सुरक्षित मुद्रण केन्द्रले मात्रै छपाइ गर्ने प्रष्ट पार्दै नागरिकता,

उक्त प्रतिवेदनमाथिको छलफलमा सहभागी अधिकांश सांसदले राष्ट्रिय सुरक्षासँग जोडिएका सरकारी कागजातको छपाइ सरकारले मात्रै गर्नुपर्ने बताएकी थिईन् ।

सांसद डा तोसिमा कार्कीले राष्ट्रियताको रक्षार्थ पनि मतदाता परिचयपत्र, विपन्न तथा अपाङ्गतासम्बन्धी परिचयपत्रको पनि सुरक्षण मुद्रण गर्नुपर्ने बताईन् । सांसद कालुराम राईले सुरक्षित मुद्रण राष्ट्रिय सुरक्षासँग जोडिएको उल्लेख गर्दै यसखालका संवेदनशील विषय निजी क्षेत्रको जिम्मेवारीमा छाड्न नहुने बताईन् ।

सांसद देवेन्द्र पौडेलले महत्वपूर्ण सरकारी कागजात सरकारले नै छपाइ गर्नुपर्नेमा जोड दिँदै राज्यले नसक्दा सुरक्षाको सुनिश्चिततासहित अनुमति प्राप्त निजी क्षेत्रलाई पनि दिइनु उचित हुने धारणा राखे ।

# सरकारले जनतामा आशा जगाउने काम मात्र गर्ने कानुन मन्त्रीको भनाई

**टुडे समाचारदाता**

पोखरा । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सरकारले जनतामा आशा जगाउने काम मात्र गर्ने बताएका छन् ।

प्रेस चौतारी कास्कीद्वारा सोमबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा मन्त्री गिरीले केही वर्षयता सरकार र राजनीतिक पार्टीप्रति जनतामा पैदा भएको निराशालाई देशको अर्थतन्त्रलाई चलायमान र जनतामा समृद्धि ल्याउन सरकार सक्रिय भएर लाग्ने प्रतिवद्धता जनाए ।

सङ्घीय सरकारद्वारा अधिकांश कानुन बनाउन बाँकी रहेको अवस्थामा संसदीय समितिलाई सक्रिय बनाउँदै छिटोभन्दा छिटो सङ्घीयता र नेपाली जनतालाई अनुकूल हुने ऐन कानुन ल्याउने र ऐन कानुन निर्माण गर्दा नेपाली जनताका सुझाव पनि सङ्कलन



मेटेर सरकार र दलहरुप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउने बताउदै सङ्कटमा आएको सरकार भएकाले जनातामा आशा जगाउने काम गरेरै छाड्ने बताए ।

देशको अर्थतन्त्र धराशायी, विकास निर्माणको काम सुस्त, सुशासन प्राप्त गर्न नसक्नु, निर्माणधीन काम अलपत्र र व्यवसायी सङ्कटमा परेको वर्तमान अवस्थामा यसलाई कसरी सुधार गरेर अगाडि बढ्ने भन्ने बारेमा सरकार चिन्तित रहेको मन्त्री गिरीले बताए । मन्त्री गिरीले गरिने र उपयुक्त सुझावलाई समेट्ने जानकारी पनि उनले दिएका थिए ।

वर्तमान समयमा सहकारी संस्थामा देखापरेको बचतकर्ताको पैसा अपचलनका बारेमा संसद्मा नेपाली कांग्रेसका सांसदहरुले संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग राख्दै आएको उल्लेख गर्दै मन्त्री गिरीले सहकारीका दोषीलाई कारबाही गर्न राज्यका निकायलाई छाड्नुपर्ने बताए ।

# बजेटमा सबै प्रदेशको क्षेत्रीय सन्तुलन कायम गर्ने उद्योगमन्त्रीको प्रतिवद्धता



**टुडे समाचारदाता**

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आर्थिक वर्षको बजेटमा सबै प्रदेशमा बजेटको क्षेत्रीय सन्तुलन कायमकालागि आफुले पहल गर्ने प्रतिवद्धता जनाएका छन् ।

सोमबार आयोजना गरिएको कार्यक्रममा उनले यसअघि सुदूपश्चिममा सधैं कम बजेट विनियोजन हुने गरेको उल्लेख गर्दै आगामी बजेटमा त्यस्तो हुन नदिनका लागि आफ्नोतर्फबाट पहल गर्ने बताएका हुन् ।
सुदूरपश्चिममा समृद्धिका लागि अपार सम्भावना भए पनि तुलनात्मकरुपमा पिछडिएको उल्लेख गर्दै मन्त्री भण्डारीले त्यसका कारणको खोजी गरी समाधानमा लाग्न सबैलाई आग्रह गरेका छन् । उनले विगतमा यस क्षेत्रको बजेट ६/७ प्रतिशतभन्दा बढी हुन नसकेकोले आगामी आवमा बजेटको क्षेत्रीय सन्तुलनका लागि पहल गर्ने बताए ।

सुदूरपश्चिमका पहाडी जिल्लामा रोजगारी कम हुँदा न्यून आम्दानीका लागि पनि भारत जानुपर्ने बाध्यता हटाउन आफ्नो मन्त्रालयबाट आगामी आवमा सातै जिल्लाका सम्भावना खोजी गर्ने र यस क्षेत्रका ठूला आयोजना लागू गर्न पहल गर्ने उनले विश्वास दिलाए । मन्त्री भण्डारीले अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझाव र निष्कर्षलाई आफूले कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सो अवसरमा मञ्चका संस्थापक एवं संरक्षक मोतिलाल बोहराले संस्था स्थापनाको उद्देश्य र त्यसयता सुदूरपश्चिम क्षेत्रको पहिचान र विकासका लागि भएका उपलब्धि तथा पहलबारे जानकारी गराएका थिए । साथै उनले देशभर छरिएर रहेका विभिन्न क्षेत्रमा आबद्ध व्यक्तिले आफ्नो थातथलोको समृद्धिका लागि आवश्यक योगदान गर्नुपर्नेमा जोड दिए ।

मञ्चका अध्यक्ष बहादुरसिंह विष्टले मञ्चले गरेका कामकारबाहीबारे जानकारी गराउँदै सुपको विकास निर्माणका साथै सामाजिक कार्यमा हातेमालो गर्दै बहस पैरवी गर्दै आएको बताए । साथै उहाँले सुपको विकासका लागि आवश्यक बृहत् परियोजना निर्माण गर्न आगामी बजेटमा आवश्यक रकम विनियोजनका लागि मन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

# कानुन बनाउने प्रक्रिया लामो र झन्झटिलो भयो – सांसद भुसाल

**काठमाण्डु** । मुलुकका लागि अत्यावश्यक पर्ने विधि, ऐन, कानुन निर्माण गर्ने थलो संसद् हो । जनजीविकाका अनेक विषयलाई सदनमार्फत ध्यानाकर्षण गराउनैपर्ने सांसदको दायित्व हुन्छ । संसद्मा म राष्ट्रियसभामा प्रतिनिधित्व गर्छु । राष्ट्रियसभाको चरित्र फरक किसिमको छ । यसको ध्यान मुख्यतः कानुन बनाउनमै केन्द्रित हुन्छ । सरकार निर्माण गर्ने कार्यमा राष्ट्रियसभाको भूमिका हुँदैन । त्यसैले त्यहाँ विकास निर्माणका कामसित सरोकार त राखिन्छ तर त्योभन्दा बढी कानुन निर्माणसँग सम्बन्धित विषयमै बढी ध्यान दिइन्छ । म आफैं विधायन व्यवस्थापन समितिमा रहेर पहिला पनि काम गरेँ र अहिले पनि काम गरिरहेको छु ।

राष्ट्रियसभामा भूमिकाको उल्लेख गर्नुपर्दा त्यहाँ (राष्ट्रियसभामा) जति पनि विधेयक आएका छन् हामीले ती विधेयकलाई बाँकी राखेका छैनौं । भर्खरै आएको सुरक्षित कारोबार ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल सुरु भएको छ । कतिपय विधेयक प्रतिनिधिसभामा गएर रोकिरहेका छन् । अर्को कुरा राष्ट्रियसभामै काम सृजना गरेर पनि भूमिका निर्वाह गर्ने गरेका छौं ।

एउटा उदाहरण, केही दिनअगाडि राष्ट्रियसभाबाट एउटा महत्वपूर्ण प्रतिवेदन पारित भएको छ । संविधानअनुरुप बन्नुपर्ने कानुन कति बनाइयो र कति बनाउन बाँकी छ भन्ने समेतका विषय समेटेर उक्त प्रतिवेदन बनाइएको छ । राष्ट्रियसभाबाट पारित उक्त प्रतिवेदन सरकारलाई बुझाइएको छ । यो कार्य राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले गरेको हो । म विधायन व्यवस्थापन समितिको सभापति रहँदा मेरै नेतृत्वमा त्यो काम सुरु गरिएको थियो ।

अहिले पनि संविधानअनुरुप ४० नयाँ कानुन बनाउनुपर्ने वा संशोधन गर्नुपर्ने छ । सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले बनाउनुपर्ने कानुनको सूची पनि प्रतिवेदनमा समेटिएको छ । राष्ट्रियसभाले गरेको यो निकै महत्वपूर्ण काम हो । कानुन निर्माणसँगै ती कार्यान्वयन भए कि भएनन् भनेर मापनको काम पनि सुरु भएको छ । दुःखको कुरा के छ भने संसद्का दुवै सदन र संसदीय समितिले अनुमोदन गरेर पठाएका कामलाई सरकारका तर्फबाट राम्ररी ध्यान दिएको तथा प्रभावकारी कार्यान्वयन गरेको पाइँदैन ।

म यसअघि सरकारमा मन्त्री पदमा रहेकै बखत पनि जनसरोकारका विषयलाई सदन र समितिमा उठाएको छु । मन्त्रालयसँग सम्बन्धित विषमा जनताले उठाएका प्रश्नहरुको सम्बोधन तथा उनीहरुको आवश्यकता र चाहनालाई समेट्ने प्रयास गरेको थिएँ । तत्कालीन समयमा पशु-चौपायामा देखिएको नयाँ रोग, कृषि, मलखाद, बीउबिजन आदि विषयमा जनताले उठाएका समस्या समाधान गर्न काम गरेको थिएँ ।


सामान्यतया प्रतिनिधिसभामा विकास निर्माणका कुरा बढी गरिन्छ जुन स्वाभाविकै हो ।

किनकि प्रत्यक्ष निर्वाचित सांसदले निर्वाचनका बेला जनतासँग गरेका वाचा र मुद्दालाई सम्बोधन गर्नुपर्ने सांसदको दायित्व हुन्छ ।

सरकारले सदनलाई भरपुर 'बिजनेस' दिएर सदनलाई प्रभावकारी बनाउनुपर्छ । मन्त्रालयगत विधेयकलाई चाँडो अगाडि बढाउनुपर्छ । सरकारले नै हो विधेयक प्रस्तुत गर्ने । तर सरकारमा रहेको अनुभवको कुरा गर्नुहुन्छ भने म आफैं ११ महिना कृषिमन्त्री भएँ ।

उक्त अवधिमा एउटा नियमावली पारित गर्न सकिनँ । खाद्य सम्प्रभुतासम्बन्धी ऐन केही वर्षअघि बनेको थियो, त्यो ऐनसँग सम्बन्धित नियमावली स्वीकृत गराउन करिब ११ महिना नै लाग्यो ।

कृषि ऐन बनाउनका लागि सुरुदेखि नै पहल गरेको थिएँ, म निस्कने बेलामा कानुन मन्त्रालयमा गएर रोकिएको थियो । अहिले के भइरहेको छ मलाई थाहा छैन । कानुन बनाउने प्रक्रिया धैरै लामो र झन्झटिलो छ जसले गर्दा कानुन निर्माणमा विलम्ब भइरहेको छासम्बन्धित मन्त्रालयले तयार गरेको विधेयकलाई अन्तर सरोकारवाला मन्त्रालयले लामो समय अलमल्याई दिन्छन् । त्यसैले हाम्रो काम गर्ने तौरतरिका फरक छ । एकातिर कर्मचारीतन्त्रले पनि राम्रोसँग काम गर्दैन, अर्कोतिर प्रक्रिया असाध्यै ढिलो छ । यस किसिमको कार्यपद्धतिले पनि कानुन निर्माणमा विलम्ब भइरहेको छ ।



अहिले सरकारले सदनलाई पर्याप्त बिजनेस दिएर प्रभावकारी बनाउँछु भनेको छ । पहिलाभन्दा संसद्को चालु अधिवेशन प्रभावकारी बनेको मलाई अनुभूति पनि भएको छ । केही विधेयक अगाडि बढाउने गरी सदन र समितिहरुमा छलफल चलिरहेको छ । अहिले राष्ट्रियसभामा एउटा र प्रतिनिधिसभामा तीनवटा विधेयकमाथि छलफल भइरहेको छ । बर्खे अधिवेशन आह्वान गर्नुपर्ने र बजेट अधिवेशन पनि भएकाले समय कम छ । कम समयमा धेरै सरोकारका विधेयक चाँडो टुङ्गो लगाउनुपर्ने दायित्व छ ।

संसद् भनेको ऐन, कानुन निर्माण गर्ने थलो हो । त्यसमा केन्द्रित भएर लाग्नुपर्छ । आम रुपमा गलत बुझाइका कारण विधेयकमा कुनै कमीकमजोरी हुन सक्छन् । त्यसलाई समितिमा सांसदहरुले संशोधन हाल्न सक्छन् । राष्ट्रियसभाले बनाएको विधेयकमा प्रतिनिधिसभाका सांसदले संशोधन हाले भनेर बाहिर नकारात्मक प्रचार-प्रसार गरिन्छ । विधेयकमा संशोधन र परिमार्जन भइरहन्छ । यो स्वाभाविक कुरा हो । तर कस्तो कानुन बनाए भनेर विश्लेषण हुन जरुरी छ । सांसदहरु कानुन निर्माणमा केन्द्रित होऊन् भन्ने हामी चाहना राख्छौं भने उनीहरुको भूमिका कस्तो छ भनेर अध्ययन विश्लेषण गरेर खबरदारी गरिनुपर्छ । यसले कानुन निर्माणको कामलाई थप प्रभावकारी तुल्याउन मद्दत पुग्छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का उपाध्यक्ष एवं राष्ट्रियसभाका सदस्य डा बेदुराम भुसाल अनुभवी राजनीतिज्ञ हुनुहुन्छ । डा भुसाल कृषि तथा पशुपक्षी विकासमन्त्री भइसक्नुभएको छ । विसं २०११ असार १५ गते आमा धनीकला भुसाल र बुबा तिलकराम भुसालको कोखबाट अर्घाखाँचीमा जन्मनुभएका उहाँले २०२७ सालमा नेकपाको विद्यार्थी सङ्गठनमा आबद्ध भएर राजनीतिक यात्रा सुरु गर्नुभएको थियो ।

उहाँ २०५८ देखि २०६३ सालसम्म राष्ट्रियसभा सदस्य र २०६३ देखि २०६५ सालसम्म अन्तरिम व्यवस्थापिका-संसद्को सदस्य बन्नुभएको थियो ।

# नेतृत्व छान्न इलामका मतदाता उत्साहित

**इलाम** । इलाम क्षेत्र नं २ का मतदाता आफ्नो जनप्रतिनिधि छान्न उत्साहित छन् । यहाँ आगामी वैशाख १५ गते उपनिर्वाचन हुँदै छ । गत भदौ २५ गते यस क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको निधनभएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनमा २० उम्मेद्वार चुनावी प्रतिस्पर्धामा छन् ।

इलाम नगरपालिका-८ महमाईका कुबेर राईलाई उपनिर्वाचनको चहलपहलले उत्साहित बनाएको छ । "सात महिनादेखि हामीले चियाको मूल्य, दुग्ध उत्पादनको बजार, मेची राजमार्गको अस्तव्यस्त अवस्थालगायत समस्या सङ्घीय संसदमा उठाउने जनप्रतिनिधि पाउन सकेका छैनौँ", उहाँले भन्नुभयो, "हाम्रा समस्याको उठान गर्ने प्रतिनिधिको खोजीमा छौँ ।"

यस्तै सन्दकपुर गाउँपालिका-३ का विशाल ढकालले उपनिर्वाचनपछि सात महिनादेखि सङ्कलन गरेर राखेका गुनासा नयाँ नेतृत्वलाई सुनाएर समाधान माग्ने बताउनुभयो । "अहिले घरघरमा आएर सबै उम्मेदवार भोट माग्दै हुनुहुन्छ । हामी सबैलाई मत दिन्छौँ भनिरहेका छौँ । तर योग्य उम्मेदवारलाई इलामवासीले चुन्छन्," उहाँले भन्नुभयो, "हाम्रा गुनासा र समस्याका चाङ छन् । समाधान गर्न निर्वाचित प्रतिनिधिलाई दबाब दिन्छौँ ।"

फाकफोकथुम गाउँपालिका-४ का रघुनाथ भण्डारीले सडक, स्वास्थ्य, शिक्षा र कृषिमा परिवर्तन ल्याउन सक्ने उम्मेदवार छनोट गर्ने सोचमा रहेको बताउनुभयो । "सडकको मर्मत छैन, कृषिमा अनुदान छैन, राम्रो अस्पताल र गुणस्तरीय शिक्षा पाउन सकेका छैनौँ । अब निर्वाचित हुने प्रतिनिधिले हाम्रा यी माग सम्बोधन गर्नुपर्छ ।"

सत्ता साझेदार दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माओवादी) का साझा उम्मेदवार सुहाङ नेम्बाङ, नेपाली कांग्रेसका डम्बर खड्का र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट मिलन लिम्बू चुनावी मैदानमा हुनुहुन्छ । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, नेकपा (एकीकृत समाजवादी) का जितबहादुर राई, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङ, पहिचानवादीका डकेन्द्रसिंह थेगिम, नेपाल मजदुर किसान पार्टीका श्याम दर्जी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालका गणेशबहादुर चौहान, राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयवन्तविक्रम शाह, नेसनल रिपब्लिक नेपालका धनराज राना मगर, मङ्गोल नेसनल अर्गनाइजेसनका मणिबहादुर लिम्बू र नेपाली जनता दलका रेशमबहादुर सुनुवार पनि चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

यसैगरी, स्वतन्त्र उम्मेद्वारहरु क्रमशः डाकप्रसाद गौतम, दीपेश बोहोरा, मनोज निरौला, योगेन्द्र गुरुङ र राज बस्याल पनि चुनावी भिडन्तमा सामेल हुनुहुन्छ । उपनिर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले जिल्ला न्यायाधीश केशवप्रसाद घिमिरेलाई मुख्य निर्वाचन अधिकृत तोकेको छ । इलाम-२ मा ७९ मतदानस्थल र एक सय ४९ मतदान केन्द्र रहेका छन् । यी केन्द्रमा आठ सय ९४ कर्मचारी परिचालन हुनेछन् । निर्वाचन आयोगका अनुसार यही चैत २७ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन र उम्मेदवारलाई चुनाव चिह्न प्रदान गरिनेछ । चैत २८ देखि वैशाख १२ गतेसम्म प्रचारको अवधि तोकिएको छ ।रासस


मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गौर, रौतहट

**खामबन्दी प्रस्ताव आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२६

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि बजार पूर्वाधार विकास कार्यक्रम र प्रत्येक जिल्लाहरुमा एकिकृत बजार व्यवस्थापन कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र कृषि फर्महरुले आवेदन पेश गरेको कार्यक्रमको नाम स्पष्ट खुलाइ माँग गरिएको कागजात सहित प्रथम पटक प्रकशित मितिले १५ औं दिन (२०८१/०१/१० गते) कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्रमा खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकशन गरिएको छ । थप जानकारीको लागि https://akcrauthat.p2.gov.np मा सम्पर्क गर्न सकिनेछ । बिस्तृत जानकारीको लागि ९८५५०२४००१, ०५५५२०००१ मा सम्पर्क गर्न सकिनेछ ।

नि. कार्यालय प्रमुख



मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आश्यको सुचना**

प्रथम पटक प्रकाशन मिति :- २०८०/१२/२७ गते

यस कार्यालयको मिति २०८०/१०/२१ गते कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा E-biding procurement सम्बन्धि प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि E-biding procurement आव्हान भई तोकिएको म्याद भित्र दर्ता हुन आएका E-biding procurement हरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको procurement न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | 7/Mmun/B/NCB/080/081 | Construction work of Ward office matihani-08 | J.B. Builders and consultancy janakpur-04 | ८०,७२,५०२।६५ |

प्रमुख प्रशासकीय अधिकृत

# आप्रवासनसम्बन्धी नयाँ नियमका लागि ईयूले बुधबार मतदान गर्ने

एएफपी

ब्रसेल्स । युरोपेली सङ्घ (ईयू) ले आप्रवासन नीतिमा व्यापक फेरबदल गर्ने विषयमा बुधबार मतदान गर्ने भएको छ । मतदानले नयाँ प्रस्ताव पारित गरेमाविशेष गरी शरणार्थीहरूको लागि प्रवेश प्रक्रियालाई कडा बनाउनेछ र समूहका सबै देशहरूले जिम्मेवारी साझेदारी गर्न आवश्यक हुनेछ ।




युरोपेली संसद्ले सेप्टेम्बर २०२० मा पहिलो पटक गरिएको युरोपेली आयोगको प्रस्तावको आधारमा समूहको आप्रवासन र शरण सम्झौताको गठन गर्ने कानूनहरूको एक श्रृंखला तय गर्नेछ ।ईयूका सदस्य राष्ट्रहरूबीच वर्षौंदेखिको तनाव र विभाजनलाई पार गरेपछि मात्र यो परिवर्तन भएको हो । मतदानले प्रस्तावित कानुन पारित गरेमा यो कानून सन् २०२६ देखि कार्यान्वयनमा जानेछ ।

यो पारित हुनुका साथै युरोपियन युनियनले युरोप पुग्ने लक्ष्यका साथ आफ्नो क्षेत्र छोड्ने आप्रवासीको सङ्ख्या घटाउने प्रयास गर्न धेरै बाह्य देशहरूसँग सम्झौताहरू गर्दै आएको छ । ईयूमा शरण आवेदनमा वृद्धि आएसँगै इयू सदस्यबीच विवादित बनेको यो कानूनमा मतदान हुनलागेको हो । शरणार्थीका लागि गत वर्षसम्म ११ लाख ४० हजार व्यक्तिले आवेदन दर्ता गराएका छन् । यो सन् २०१६ पछि उच्चतम स्तर हो ।ईयूको सीमा र तटरक्षक निकाय फ्रन्टेक्सका अनुसार गत वर्ष मात्रै समूहमा आवेदन दिने आप्रवासीको संख्यामा पनि वृद्धि भई तीन लाख ८० हजार पुगेको छ ।

आप्रवासन र शरण सम्झौताको भिन्नभिन्न कारण देखाउँदै अति दक्षिणपन्थी, अति वामपन्थी र केही समाजवादी सांसदहरूले विरोध गर्दै आएका छन् ।युरोपेली सङसद्को सबैभन्दा ठूलो राजनीतिक समूह मध्यदक्षिणपन्थी युरोपियन पिपुल्स पार्टीका प्रमुख म्यानफ्रेड वेबरले भन्नुभयो, “वर्षौंको गतिरोधपछि आउन लागेको नयाँ आप्रवासन नियमले हामीलाई हाम्रो बाह्य सीमामा नियन्त्रण पुनः प्राप्त गर्न र ईयूमाथिको दबाब कम गर्न अनुमति दिन्छ । युरोपेली सङ्घमा को प्रवेश गर्छ भन्ने निर्णय मानव तस्करले नभई राज्यका अधिकारीहरूले गर्नुपर्छ ।”

गैरसरकारी सङ्स्था र आप्रवासी परोपकारी सङ्स्थाहरू यस सुधारको विरोधमा उत्रिएका छन्, विशेष गरी यसको प्रावधानले शरण खोज्नेहरूलाई समायोजित गर्न सीमा निर्धारण गर्छ र अयोग्य ठानिएकाहरूलाई तुरुन्तै फिर्ता पठाउँछ । यसो भएमा यसले व्यवस्थित हिरासतलाई वढावा दिने उनीहरूको चिन्ता रहेको छ । यस सुधारले धेरै हदसम्म आधारभूत नियमलाई कायम राख्छ र शरण खोज्ने व्यक्ति प्रवेश गर्ने पहिलो ईयू देश नै उनीहरूको व्यवस्थापनका लागि जिम्मेवार हुन्छ ।

तर यसले एक ‘ऐक्यबद्धता संयन्त्र’ थपेको छ जसले सबै ईयू देशहरूलाई इटाली र ग्रीसजस्ता अग्रपङ्तीमा रहेका राज्यहरूमा दवाव देखिएका समय उनीहरूलाई केही शरण-खोजीकर्ताहरूलाई लिन वा समान वित्तीय योगदान प्रदान गरेर मद्दत गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ । युरोपेली संसद्मा फ्रान्सका मध्यमार्गी सांसद फेबिएन केलरले यस सम्झौतालाई ‘निकै सन्तुलित’ र ‘वर्तमान परिस्थितिमा ठूलो सुधार’ भन्नुभएको छ । उहाँले भन्नुभयो, “नयाँ नियममा सीमा प्रक्रियाबाट अनियमित आप्रवासनको प्रवाहमा राम्रो नियन्त्रण र थप ऐक्यबद्धता छ ।”

तर उहाँले यो ‘अत्यन्त भड्काउ विषय’ भएको स्वीकारर्दै दक्षिणपन्थी सांसदहरूले परिवर्तनलाई लिएर ‘सबैलाई आत्तिने बनाएको’ भन्दै आलोचना गर्नुभयो । “संसदको मतदान सम्झौताको लागि अन्तिम कदम हुने छैन, किनकि यसको प्रक्रियाहरूको प्राविधिक अनुप्रयोग अझै परिभाषित गर्न आवश्यक छ,” केलरले थप्नुभयो । सीमा केन्द्रहरूलाई कसरी व्यवस्थित गर्ने र तिनीहरूलाई पर्याप्त स्रोतहरू, अनुवादकहरू र प्रहरी अधिकारीहरू कसरी आपूर्ति गर्ने भन्ने बिषय अहिलेपनि छलफलको बिषय रहेको छ अर्थात् यसमा कुनै नियम प्रस्ताव भइसकेको छैन ।

# इजराइलमाथि सिरियामा वाणिज्य दूतावासमा हमला गरेको आरोप


एएफपी

दमास्कस । क्षेत्रीय तनाव बढ्ने गरी इजराइलमाथि दोष लगाइएको घातक हमलाले तेहरानको दमास्कसस्थित वाणिज्य दूतावासलाई ध्वस्त पारेको एक सातापछि इरानका विदेशमन्त्रीले सोमबार सिरियाली राजधानीको भ्रमण गर्नुभएको स्थानीय सञ्चारमाध्यमले बताएका छन् ।

दमास्कसको प्रमुख सहयोगी तेहरानले गत सोमबार इरानी दूतावासको कन्सुलर खण्डमा भएको हवाई यसबारेमा कुनै टिप्पणी गरेको छैन ।

इरानी विदेशमन्त्री होसेन अहिर-अब्दुल्लाहियानले एक दिनअघि लामो समयदेखि तेहरान र पश्चिमबीच मध्यस्थकर्ता रहेको ओमानको क्षेत्रीय भ्रमण सुरु गर्नुभयो । ओमान भ्रमणका क्रममा मस्कटका विदेशमन्त्रीले तनाव कम गर्न आह्वान गर्नुभएको छ । भ्रमणका क्रममा अमिर-अब्दुल्लाहियानले सिरियाका राष्ट्रपति बशर अल-असद र विदेशमन्त्री फैसल मेकदादसँग भेट गर्ने तयारी गर्नुभएको छ। सिरियाको क्षेत्रमा इजराइल-हमास युद्धभन्दा पर व्यापक युद्ध सुरु गर्ने जोखिम उठाउने इरान र उसका क्षेत्रीय प्रतिनिधिहरूविरुद्धको अभियानको वृद्धिका रूपमा हेरेका छन् ।

बेलायतस्थित युद्ध निगरानीकर्ता सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सका अनुसार सोमबारको हमलामा १६ जना मारिएका थिए । मारिनेमा आठ इरानी, पाँच सिरियाली, लेबनानको हिजबुल्लाह समूहका एक सदस्य र दुई सर्वसाधारण रहेका थिए । मृतकहरूमा जनरल मोहम्मद रजा जाहेदी र मोहम्मद हादी हाजी रहिमी पनि थिए । उनीहरू



हमलाको बदला लिने वाचा गरेको छ। उक्त हमलामा दुई जनरलसहित सात इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आइआरजिसी) का सदस्य मारिएका थिए । उक्त हमला इजराइल र हमासबीच जारी युद्धको पृष्ठभूमिमा भएको थियो । अक्टोबर ७ मा इजराइलमाथि हमासबाट सुरु भएको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार एक सय ७० जनाको ज्यान गएको थियो । दमास्कस र तेहरानले हमलाका लागि इजराइललाई दोष दिएका छन् तर इजराइलले सूचना मन्त्रालयले भने विदेशमन्त्री अमिर-अब्दुल्लाहियानले नयाँ इरानी कन्सुलर खण्डको उद्घाटन गर्नुहुने बताएको छ ।

सिरियाको सरकार समर्थक अखबार अल-वतनले अधिकारीहरूको छलफल ‘मुख्यरूपमा गत साताको हमलाको नतिजामाथि केन्द्रित’ हुने बताएको छ । इरानका सर्वोच्च नेताका एक सल्लाहकारले आइतबार सिरियामा हमलापछि अब इजराइली दूतावासहरू ‘सुरक्षित नभएको’ चेतावनी दिएका छन् । विश्लेषकहरूले यसलाई गाजा आइआरजिसीको विदेशी अपरेसन शाखा कुद्स फोर्सका वरिष्ठ कमान्डर थिए ।

इजराइलले १३ वर्षअघि गृहयुद्ध सुरु भएयता सिरियामा सयौं हवाई हमला गरेको छ। हमलामा इजराइलले हिजबुल्लाहसहित इरान समर्थित बलहरूका साथै सिरियाली सेनाका स्थान र हतियार भण्डारलाई निशाना बनाएको छ । तेहरानले हमासलाई समर्थन गर्दछ तर उसले हमलामा कुनै पनि प्रत्यक्ष संलग्नतालाई अस्वीकार गरेको छ । हमासको हमलापछि गाजा क्षेत्रमा ठूलो मात्रामा इजराइली जवाफी कारवाही भएको छ ।

# चीनको ‘कमजोर आपूर्ति क्षमता’ बारे अमेरिकी आरोप आधारहीन



एएफपी

बेइजिङ । चीनका वाणिज्यमन्त्रीले कम लागतको चिनियाँ निर्यातले विश्व बजारमा जोखिम निम्त्याएको भन्ने अमेरिकी चिन्तालाई चिनियाँ बाणिज्यमन्त्री वाङ वेन्ताओले ‘आधारहीन’ भन्दै आरोपको खण्डन गर्नुभएको छ ।

ट्रेजरी सेक्रेटरी जेनेट येलेनको भ्रमणका क्रममा चिनियाँ अधिकारीहरूले दुई देशबीचको सम्बन्ध थप स्थिर अवस्थामा रहेको सकारात्मक टिप्पणी गरेका छन् र दुवै पक्ष अतिरिक्त औद्योगिक क्षमताको विषयमा थप वार्ताका लागि मार्गहरू खोल्न सहमत भएका छन् ।चीन सरकारले विश्व बजारले धान्न सक्नेभन्दा बढी उत्पादन क्षमता सिर्जना गर्न सहयोग गर्दा सौर्य र विद्युतीय सवारी साधनजस्ता प्रमुख क्षेत्रमा सस्तो निर्यातको बाढीले अन्यत्र ती उद्योगहरूको वृद्धिलाई असर पार्न सक्छ भन्ने अमेरिकी अधिकारीहरूको चिन्ता रहेको छ ।

वाणिज्यमन्त्री वाङले आइतबार पेरिस भ्रमणका क्रममा ‘अमेरिका र युरोपले लगाएको ‘ अत्यधिक क्षमता’ को आरोप आधारहीन भएको बताउनुभएको हो । चिनियाँ विद्युतीय सवारी निर्माताको तीव्र वृद्धि नवीनता र स्थापित आपूर्ति श्रृङ्खलाका कारण भएको वाङले बताउनुभयो । उहाँले बेइजिङले व्यवसायहरूलाई उनीहरूको हितरक्षाका लागि सहयोग गर्ने पनि बताउनुभयो । बेइजिङले उद्योगका लागि राज्यको विशाल समर्थनको बारेमा चिन्तालाई बारम्बार अस्वीकार गर्दै आएको छ ।

युरोपेली सङ्घ (ईयू) ले चिनियाँ विद्युतीय कारमा अनुदानको बारेमा अनुसन्धान सुरु गरेको छ जसले गर्दा कम मूल्यमा अनुचित रूपमा बेचिएका सवारी साधनहरूमा कर वृद्धि हुन सक्छ । गत महिना बेइजिङले यसलाई व्यापारमा देखिएको ‘सङरक्षणवाद’ को संज्ञा दिएको छ । येलेनले दक्षिणी शहर ग्वान्झाओ र राजधानी बेइजिङमा अधिकारी र व्यापारिक नेताहरूसँगको वार्तामा बारम्बार चीनको ‘ क्षमताभन्दा बढी आपूर्ति’ को प्रसङ्गलाई उठाउनुभएको थियो ।

आफ्ना समकक्षी उपप्रधानमन्त्री हे लिफेङसँग भएको वृहत् छलफलमा उहाँले चिनियाँ नीति निर्माणको उच्च तहमा अन्तर्राष्ट्रिय चासोका सवालबारे संवेदनशील बन्न आग्रह गर्नुभएको थियो । सिन्ह्वाका अनुसार लीले उत्पादन क्षमताको विषयलाई वासिङ्टनले ‘वस्तुनिष्ठ’ र ‘बजारमुखी’ दृष्टिकोणबाट हेर्नुपर्ने येलेनसँग बताउनुभएको थियो । उहाँले चीनको नयाँ ऊर्जा उद्योगको विकासले ‘विश्वव्यापी हरित र कम कार्बन सङक्रमणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

# विधान विपरीत चलिरहेका छन् २१ खेल संघ

**काठमाण्डु** । राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा ६१ वटा खेल दर्ता छन् । तीमध्ये २१ वटाले कार्यसमितिको अवधि सकिंदा पनि साधारणसभा गरेका छैनन् । राखेपको अनिवार्य खेल संघ भएकाले यिनीहरू विघटन भएका छैनन्, तर राखेपले आर्थिक सहयोग भने बन्द गरेको छ ।

‘अवधि सकिएका संघहरू हाम्रो अनिवार्य संघहरू हुन् । तर दर्ता खाता अपडेट नहुँदासम्म राखेपले यी संघलाई कुनै पनि आर्थिक सहयोग गर्न मिल्दैन’, राखेप संघसंस्था समन्वय शाखा प्रमुख चन्द्रकुमार राईले बताए ।

हाल एथ्लेटिक्स संघ, ब्याडमिन्टन, अखिल नेपाल टेबुल टेनिस संघले पनि समयमा साधारणसभा गर्न सकेका छैनन् । यीमध्ये कतिपयले तदर्थ समिति गठन गरेदेखि नै साधारण सभा गर्न सकेका छैनन् ।राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा २८ को (छ) मा संघको विधान बमोजिम संघका पदाधिकारीहरूको आवधिक निर्वाचन गर्नुपर्ने उल्लेख छ ।

कार्यसमितिको मिति सकिएको २ वर्ष बढी भइसक्दा पनि एथ्लेटिक्स संघले कार्यसमितिको अधिवेशन गर्न सकेको छैन । संघका संयोजक राजीवविक्रम शाह भने राखेपको हस्तक्षेपका कारण साधारणसभा भएका संघ तथा महासंघहरूले खेलकुद ऐन २०७७ को दफा २६ को उपदफा ९ बमोजिम संघ दर्ताको अवधि सकिनु भन्दा १५ दिनअघि नै कागजपत्र सहित राखेपमा नवीकरणको लागि प्रत्येक वर्ष निवेदन पेश गर्नुपर्छ ।यसरी नीति विपरीत चल्ने अर्को संघ हो ब्याडमिन्टन संघ । संघले २०८० भदौ ३० मा राखेपको स्वीकृति विना नै निर्वाचन गरेको कर्मचारीहरू बताउँछन् । ब्याडमिन्टन संघका संयोजक रामजीबहादुर श्रेष्ठ भने राखेपले राजनीतिक स्वार्थ राखेर आफूहरूको चुनावलाई मान्यता नदिएको आरोप लगाउँछन् ।

**ऐन र नीतिमै सीमित छ खेलकुदको थिति**

राष्ट्रिय खेलकुद विकास ऐन २०७७ तथा राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ मा भएका धेरै पक्ष व्यवहारमा भने देखिंदैन । थिति बसाल्न र नेपाली खेलकुदलाई निरन्तर रुपले सञ्चालन गर्न बनेका खेलकुद ऐन र नियमावली, नियम र नितीमा नै सीमित हुँदा नेपाली खेलकुद सहज तरिकाले अगाडि बढिरहेको छैन ।

खेल संघहरूले पालना गनुपर्ने नियम अन्तर्गत खेलकुद ऐन २०७७ को २८ उपसूची अन्तर्गत (ङ)मा संघ आफैंले वर्षमा कम्तीमा एउटा राष्ट्रियस्तरको प्रतियोगिता राखेप मातहतको एन्फाले राखेपलाई नै जानकारी गराएन । जबकी राष्ट्रिय खेलकुद ऐनको दफा २८ (झ) मा परिषद्को स्वीकृति लिई अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुदमा खेलाडी तथा सदस्य पठाउने भन्ने व्यवस्था छ । तर यसको पालना एन्फाले नै नगरेको भन्दै युवा तथा खेलकुद मन्त्रालयले चासो व्यक्त गऱ्यो । उसले गत फागुन ३० गते विज्ञप्ति नै जारी गरी खेलकुद विकास ऐनको व्यवस्था सम्झाएको छ ।

त्यसपछि राखेपले एन्फालाई पहिलोपटक चैत १ गते २४ घण्टे लिखित स्पष्टीकरण सोध्यो । एन्फाका महासचिव किरण राईले संघहरु स्वायत्त हुने भएकाले राखेपलाई जानकारी नगराएको र फुटबलमा ‘योगदान पुऱ्याएका’ ९ जना पदाधिकारीहरुलाई विदेश पठाइएको जवाफ पठाए ।एन्फाको यो जवाफमा राखेपले चित्त बुझाएन । राखेपका संघ संस्था शाखा प्रमुख चन्द्र राई भन्छन्, ‘ यो जवाफ कसरी चित्त बुझाउनु ? उहाँहरुले दिएको जवाफ निकै झारा टार्ने खालको थियो ।’

लगत्तै मन्त्रालयले फेरि चैत १२ गते सोही विषयमा जिज्ञासा राखेपछि राखेपले चैत १५ गते तीन दिनको म्याद दिएर एन्फालाई दोस्रोपटक स्पष्टीकरण सोध्यो । तर एन्फाले म्याद गुजारेर पाँच दिनपछि मात्रै राखेपमा तीन बुँदे स्पष्टीकरण बुझाएको छ ।खेलकुद

## अवधि समाप्त भएका २१ खेल संघहरु

| | |
|---|---|
| १. नेपाल एथ्लेटिक्स संघ | १२. नेपाल विलियर्ड, स्नुकर तथा पुल संघ |
| २. नेपाल ब्याडमिन्टन संघ | १३. नेपाल पारा ओलम्पिक कमिटी |
| ३. अखिल नेपाल टेबुल टेनिस संघ | १४. नेपाल फुलकन्ट्याक्ट कराते महासंघ |
| ४. नेपाल टेनिस संघ | १५. नेपाल राष्ट्रिय मार्शल आर्ट गेम्स महासंघ |
| ५. नेपाल भारोत्तोलन संघ | १६. पर्वतीय खेलकुद महासंघ नेपाल |
| ६. नेपाल जिम्न्यास्टिक संघ | १७. नेपाल फेन्सिङ संघ |
| ७. नेपाल पौडी संघ | १८. राष्ट्रिय बहिरा खेलकुद कमिटी नेपाल |
| ८. नेपाल ह्याण्डबल संघ | १९. नेपाल बेक्रिन एण्ड डान्स स्पोर्ट्स संघ |
| ९. नेपाल जुडो संघ | २०. स्पेसल ओलम्पिक नेपाल संघ |
| १०. नेपाल सफ्ट टेनिस संघ | २१. नेपाल विद्यालय खेलकुद महासंघ |
| ११. नेपाल साइक्लिङ संघ | |

गर्न नसकेको बताउँछन् । ‘ वर्ल्ड एथ्लेटिक्सबाट आएका प्रतिनिधिद्वारा तदर्थ समिति बनाउन लाग्दा हाम्रो संघको कार्यक्रममा राखेपको हस्तक्षेप भयो । जसले गर्दा हामीले तदर्थ समिति समेत बनाउन सकेनौं’, उनले भने ।शाहले वैशाख पहिलो हप्ता वर्ल्ड एथ्लेटिक्सका प्रतिनिधि नेपाल आएपछि तत्काल तदर्थ समिति गठन गरी संघको विधान बनाएर कार्यसमितिको निर्वाचनमा लाग्ने बताएका थिए ।

राष्ट्रिय प्रतियोगिता आयोजना गर्नुपर्ने भनिएको छ । तर हालसम्म राखेपमा दर्ता भएका केही गिनेचुने संघ बाहेक अन्यले एउटा पनि राष्ट्रिय स्तरको कार्यक्रम गराएका छैनन् । बजेट अभावका कारण पनि राष्ट्रिय स्तरको कार्यक्रम आयोजना हुन नसकेको राखेपको संघ संस्था शाखा प्रमुख चन्द्र राई बताउँछन् ।

‘केही यस्ता संघ संस्था छन् जसको बजेट न्यून हुँदा वार्षिक एउटा खेल पनि गर्न सक्ने अवस्था हुँदैन । राष्ट्रिय स्तरको प्रतियोगिता गर्न १० लाख बजेटले पुग्दैन । नाम नसुनिएका खेलहरूलाई स्पोन्सर पनि आउँदैन,’ राईले भने ।हालसम्म वर्षमा एउटा पनि खेलकुद कार्यक्रम नगर्ने सूचीमा सुटिङ, उसु, जिम्न्यास्टिक, सफ्ट टेनिस, अखिल नेपाल टेबल टेनिस संघ, ब्रेक्रिन एण्ड डान्स स्पोर्टस् संघ जस्ता खेलकुद संघहरू छन् ।

> “अवधि सकिएका संघहरु हाम्रो अनिवार्य संघहरु हुन् । तर दर्ता खाता अपडेट नहुँदासम्म राखेपले यी संघलाई कुनै पनि आर्थिक सहयोग गर्न मिल्दैन”, राखेप संघसंस्था समन्वय शाखा प्रमुख चन्द्रकुमार राईले बताए । ”

संघलाई थितिमा राख्न नियमावलीहरु बनाइएका छन् । तर ती नियमावलीको समेत पालना गरिएको छैन । यसको एउटा उदाहरण अखिल नेपाल फुटबल संघ (एन्फा)समेत हो ।

**राखेप-एन्फा जुहारी**

नेपाल र बहराइनको होम एण्ड अवे खेल घरेलु मैदानमा हुन नसक्दा ९ पदाधिकारीलाई खेलाडीसँगै मलेसिया पठाउँदा

सम्बन्धी कानुनअनुसार कुनै पनि नियम संघले उल्लङ्घन गरेमा निलम्बन हुन सक्ने स्पष्ट व्यवस्था छ । तर हालसम्म संघहरुले गर्नुपर्ने कर्तव्य पूरा नगर्दा समेत राखेपले कडाइका साथ कारबाही भने गरेको छैन ।

खेलकुद नियमावली २०७९ को दफा २९ (१) को उपदफा २ मा कुनै पनि खेल संघ वा महासंघले दफा २८ बमोजिमका कुनै शर्त उल्लंघन गरेमा परिषदले सम्बन्धित संघलाई निश्चित अवधि तोकी शर्तको पालना गर्न निर्देशन दिएको खण्डमा र संघले उक्त निर्देशन पालना नगरेको खण्डमा परिषदले संघलाई तीन महिनासम्म लागि निलम्बन गर्न सक्नेछ ।

यो परिषद्को क्षेत्राधिकार भित्र पर्ने कुरा हुन् । तर नीति र नियमावलीमा बारम्बार धक्का पर्दा समेत राखेपले कुनै पनि संघलाई कारबाही गर्न सकेको छैन ।

कारबाहीबाट अन्तर्राष्ट्रिय जगतमा नराम्रो छवी बन्ने र यसको प्रत्यक्ष असर खेल प्रतियोगिता र सम्बन्धित संघको अन्तर्राष्ट्रिय निकायमा पर्ने भएकाले सकभर समझदारीमा नै समस्या सुल्झाउने कोसिस गरिरहेको राखेपका पदाधिकारीहरू बताउँछन् ।अनलाईन खवर

भइरहँदा संघले आम्दानी र खर्चको हिसाब किताब भने राखेपमा बुझाउनुपरेको छैन । राखेपबाट आर्थिक सहयोग नआउँदा संघले आफैं खोजेको सहयोगको हिसाब किताब नदेखाउँदा आर्थिक अपचलनको आशंका पनि गरिएको छ ।‘हामीलाई त संघको भित्री कुरा थाहा हुँदा पनि कति कुरा बोलिँदैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको बेला संघहरुको चलखेल छरपष्ट भएर मैदानमा हामीले भोग्नुपर्छ’, एथ्लेटिक्सबाट अन्तर्राष्ट्रिय खेलमा पदक जितिसकेका एक खेलाडी भन्छन् ।

राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ को नियम १० अनुसार राखेपमा दर्ता

# राष्ट्रिय वित्तीय नीति अपनाउन विश्व बैक्कद्धारा पाकिस्तानसँग आग्रह

एएनआई

इस्लामाबाद । पाकिस्तानमा उत्पन्न आर्थिक सङ्कटको बीचमा विश्व बैङ्कले इस्लामाबादलाई सङ्घीय तथा प्रान्तीय खर्चलाई संवैधानिक जनादेशसँग मिलान गरी राष्ट्रिय वित्तीय नीति अपनाउन आग्रह गरेको छ ।

सङ्घीय तथा प्रान्तीय राजस्व एकल बिक्री कर (जीएसटी) सङ्कलन एजेन्सीमा विलय गरी अर्को बजेटमा कृषि, पूँजीगत लाभ र अचल सम्पत्तिमा प्रभावकारी रूपमा कर लगाउन आग्रह गरेको छ ।

आगामी आर्थिक बर्षको बजेटमा राष्ट्रिय वित्तीय ढाँचाको विकास र कार्यान्वयन सहित सङ्घीय तथा प्रान्तीय वित्तीय उत्तरदायित्व र ऋण सीमा ऐन कार्यान्वयन गर्न विश्व बैङ्कले पछिल्लो नीतिगत सल्लाहमा पाकिस्तानी सरकारलाई सुझाब दिएको छ ।

यो प्रस्ताव अर्को अन्तर ाष्ट्रिय मुद्रा कोष कार्यक्रमको हिस्सा बन्ने अपेक्षा गरिएको छ । पाकिस्तानका अर्थमन्त्री मुहम्मद औरङ्गजेबले अर्को हप्ता विश्व बैङ्क र आइएमएफको बैठकमा वाशिङ्टनमा ऋणदातासँग छलफल गर्नुहुनेछ ।बैङ्क, महासङ र एकाइहरूमा जीएसटी समन्वयमा वास्तविक प्रगति गर्न माग गरेको छ, । जीएसटी पोर्टलको थालनीसहित कर प्रणलीलाई सहज बनाउन दर समन्वय“ तिर अघि बढाउन माग गरेको छ ।

सहरी अचल सम्पत्तिको विषयमा बैङ्कले मुद्रास्फीति, बिमा मूल्याङ्कनजस्ता आधारमा वार्षिक अद्यावधिक गर्न तथा भाडा दरहरू बराबर गर्न मूल्याङ्कन तालिकाहरू लागू गर्न माग गरेको छ ।कृषि आयकरका लागि बैङ्कले सरकारलाई भूमिको परिभाषा व्यवस्थित बनाउन, जमिनको आकारका आधारमा छुटमा पुनर्विचार गर्न र बाली क्षेत्रफल वा उत्पादन अनुमानका आधारमा साझा न्यूनतम दर निर्धारण गर्न आग्रह गरेको छ । साथै, सरकारले प्रति हेक्टर न्यूनतम दरहरू छुट्याउन सिँचाइ र निर्मित भवनहरू पनि समावेश गर्नुपर्ने जनाएको छ ।

# हेटौँडाको गुन्द्रुकलाई सरकारी गुणस्तरको मान्यता

मनहरी । हेटौँडामा उत्पादित गुन्द्रुकले सरकारी मान्यता प्राप्त गरेको छ । हेटौँडा-१२ घलेगाउँस्थित कञ्चनजङ्गा कृषि सहकारी संस्था लघु उद्यमी उद्योगले उत्पादन गरेको गुन्द्रुक प्रयोगका लागि सरकारी मान्यता प्राप्त भएको हो ।

सो उद्योगले उत्पादन गरेको गुन्द्रुक प्रयोगका लागि उपयुक्त भएको भन्दै हेटौँडास्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आज अनुज्ञा पत्र प्रदान गरेको उपमहानगरपालिकामा सोमबार आयोजितपत्रकारसम्मेलनमाजानकारी दिइयो । उपमहानगरको लगानीमा सञ्चालन गरिएको तालिमबाट उद्यममा लागेको साना व्यवसायीमध्ये गुन्द्रुक उद्योगले पहिलो पटक सरकारी गुणस्तरको मान्यता प्राप्त गरेको हो ।

उपमहानगर प्रमुख मीनाकुमारी लामाले यहाँ उत्पादन भएको गुन्द्रुकको बजारीकरणमा उपमहानगरपालिकाले सहयोग बताउनुभयो । उद्यमी समूहलाई अनुज्ञा पत्र हस्तान्तरण गर्दै उहाँले हेटौँडा बजारसहित अन्य सम्भावना भएका क्षेत्रमा गुन्द्रुकको बजारीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले पहिलो चरणमा हेटौँडा बजारमा र दोस्रो चरणमा बाहिरी जिल्लामा गुन्द्रुकको बजारीकरण गर्ने जानकारी दिनुभयो ।

होटल व्यवसायी सङ्घ मकवानपुरका अध्यक्ष दिलिश गोविन्द जोशीले जिल्लामा मासिक एक हजार दुई सय किलो गुन्द्रुक खपत हुने गरेको बताउनुभयो । उहाँले होटलहरुले यहीँ उत्पादन भएको गुन्द्रक खपत गर्नेमा प्रतिबद्धता जनाउनुभयो । "सरकारी मान्यता प्राप्त भएपछि हामीले गुणस्तरका विषयमा शंका गर्नु परेन । अब जिल्लाका होटलहरुमा यहाँ उत्पादित गुन्द्रक प्रयोगमा समस्या छैन", उहाँले भन्नुभयो ।

गुन्द्रुकले सरकारी मान्यता प्राप्त गरेसँगै बजारीकरणका लागि बाटो खुलेको छ । करिब चार महिना लामो अनुगमन र परीक्षणपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट गुन्द्रुक प्रयोगका लागि अनुज्ञा पत्र प्राप्त भएको उपमहानगरपालिका उद्योग शाखाका प्रमुख हिमप्रसाद पौडेलले जानकारी दिनुभयो ।

उपमहानगरपालिकाको रु एक लाख लगानीबाट सुरु अर्ग्यानिक साग उत्पादनबाट बनाइएको गुन्द्रुकले अनुज्ञा पत्र पाउँदा आफूहरु निकै खुशी भएको उद्यमी समूहका अध्यक्ष चिनिमाया गुरुङले बताउनुभयो । "उपमहानगरले हामीलाई दिएको हौसलाले अहिलेको अवस्था आएको हो । उपमहानगरको सहयोग र सहकारीको रु ८० हजार ऋणबाट १५ कट्ठा जमिन भाडामा लिएर सागखेती गरी गुन्द्रुक उत्पादन गरिएको हो", उहाँले भन्नुभयो ।

अनुज्ञा पत्रको अभावमा बजारीकरण गर्न नपाएको उहाँले बताउनुभयो । "अनुज्ञा पत्रको अभावमा बजारीकरण गर्न नपाउँदा रु तीन लाख बराबरको गुन्द्रुक यत्तिकै थन्किएको थियो, अब सजिलो भएको छ", उहाँले भन्नुभयो । यस समूहमा हाल १२ जना हुनुहुन्छ । समूहले गत असोजमा उपमहानगरपालिकासँग सम्झौता गरी मंसिरबाट गुन्द्रुक उत्पादन सुरु गरेको थियो । रासस

# वन डढेलोले अस्वस्थ वायु



राष्ट्रिय वातावरण नीति, २०७६ मा प्रदूषण कम गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्, चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने उल्लेख छ । प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्शाङ्कन गरिनेछ रणनीतिमा भनिएको छ ।

काठमाण्डु । मुलुकका विभिन्न स्थानमा लागेको वन डढेलोका कारण वायु प्रदूषण बढेको छ । डढेलोका कारण काठमाडौँ र पोखरालगायतका देशका मुख्य सहरमा वायु प्रदूषण उच्च मापन गरिएको छ ।

'एयर क्वालिटी इन्डेक्स'का अनुसार सोमबार दिउँसो विश्वका प्रदुषित सहरको सूचीमा काठमाडौँ तेस्रो स्थानमा छ । काठमाडौँको सोमबार वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) एक सय ६५ छ । वातावरण अभियन्ता राजन थापाका अनुसार एक्यूआई एक सयभन्दा माथि भएमा वायु अस्वस्थकर मानिन्छ । "वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) शून्यदेखि ५० सम्म स्वस्थ्यकर, ५१ देखि एक सयसम्म मध्यम, एक सयदेखि एक सय ५० सम्म अस्वस्थ्यकर र एक सय ५० देखि दुई सयसम्मलाई अति अस्वस्थ्यकर मानिन्छ", थापाले भन्नुभयो ।

उहाँका अनुसार सोमबार काठमाडौँ उपत्यकामा दरबारमार्गमा एक सय ८४, खुमलटारमा एक सय ५८, भक्तपुरमा क्यान्सर अस्पतालमा एक सय ७४, रत्नपार्कमा एक सय २० एक्यूआई मापन गरिएको छ । जुन स्वास्थ्यका दृष्टिकोणले अति अस्वस्थकर भएको उहाँको भनाइ छ । अभियन्ता थापाका अनुसार नेपालमा साधरणतया वर्षमा दुई हजार पाँच सयको हाराहारीमा डढेलाको घटना घट्छन् । "असी प्रतिशत वन डढेलाको घटना फागुन मध्यदेखि जेठको मध्यसम्म हुने गर्छन् । चैत र वैशाखमा मात्रै ६० प्रतिशत डढेलोको घटनाहरु हुने गरेको पाइन्छ", उहाँले भन्नुभयो, "मध्य फागुनदेखि जेठ मध्यसम्म डढेलाको घटनाहरु हुने भएकाले यो समयमा सतर्क हुनु जरुरी हुन्छ ।" उहाँले यतिबेला वन डढेलो, निर्माणधिन पूर्वाधारका साथै धुलो धुँलो, प्लाष्टिक बाल्दा तथा सवारी साधनका कारण पनि वायु प्रदूषण हुने गरेको बताउनुभयो ।

"प्रदूषण कम गर्न सडक बिस्तार तथा निर्माणका साथै सवारी साधन जाँचपासमा पनि ध्यान दिन जरुरी छ", उहाँले भन्नुभयो, "प्रदूषण नियन्त्रणका योजनाको उचित कार्यान्वयनका आवश्यक छ ।" सडक निर्माण/बिस्तार व्यवस्थित नहुनु, सडक व्यवस्थापनको सट्टा बिस्तारमा मात्र जोड नदिनु, वातावरणमैत्री सवारी साधनलाई प्राथमिकता नदिनुलगायतका समस्याले पनि वायु प्रदूषण नियन्त्रणमा समस्या भएका उहाँको बुझाइ छ ।

मौसमविद् वरुण पौडेलले अझै एक सातासम्म वर्षाको सम्भावना नभएकाले डढेलो नियन्त्रणमा कठिनाइ हुनसक्ने बताउनुभयो । "तत्काल ठूलो वर्षा नहुने भएकाले सुक्खा बढ्ने र तातोहावा चल्ने सम्भावना छ । यसले डढेलो बढाउनसक्छ", उहाँले भन्नुभयो ।डढेलोविद् सुन्दर शर्माका अनुसार मुलुकभर लागेको डढेलोको असर काठमाडौँलगायतका सहरमा वायू प्रदूषण देखिएको हो । उहाँका अनुसार बढ्दो डढेलाको धुँवाका कारण वायु प्रदूषण हुने र प्रदूषणले आँखा पोल्ने समस्या हुनसक्छ ।

अमेरिकास्थित द नेशनल एरोनोटिक्स एण्ड स्पेस एडमिनिस्ट्रेसन (नासा)को वेवसाइटको तथ्याङ्कअनुसार सोमबार दिउँसो मुलुकका विभिन्न एक सय ३० स्थानमा डढेलो लागिरहेको छ । "केही दिनदेखि नेपालमा सुक्खा बढिरहेको छ, तीन दिनयता वन डढेला पनि बढेको छ, आइतबार पनि एक सय पाँच स्थानका वनमा डढेलो लागेको थियो", उहाँले भन्नुभयो, "बढ्दो डढेलोका कारण वायु प्रदूषण बढेको छ । सुक्खा अझै बढ्दै गए डढेलो नियन्त्रणमा समस्या आउनसक्छ ।" प्रदूषण नियन्त्रणका गर्नका लागि डढेलो नियन्त्रण गर्न जरुरी रहेको शर्माले बताउनुभयो ।

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुङ्गानाले वायु गुणस्तर सुधारका लागि राज्यको पर्याप्त लगानी नहुनु, मानवीय चेतनाको कमी, अन्तरनिकायबीच समन्वयको अभावले समस्या उत्पन्न भएको बताउनुहुन्छ । "विभिन्न आयोजना निर्माणका क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनको प्रावधान, फोहोर मैला व्यवस्थापनसम्बन्धी स्थानीय सरकारका नियम, वातावरणीय मापदण्डलगायतको प्रभावकारी कार्यन्वयन नहुँदा प्रदूषण बढिरहेको छ", उहाँले भन्नुभयो, "प्रदूषण कम गर्नका लागि मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी रुपमा अनुगमन गर्न समन्वय भइरहेको छ ।"

उहाँले पनि वन डढेलोकाकारणप्रदूषणबढिरहेकाले डढेलो नियन्त्रणका लागि व्यापक प्रचारप्रसारका गतिविधि अगाडि बढाउने सरकारी नीति आवश्यक भएको बताउनुभयो । छातिरोग विषेशज्ञ डा निरज बमले प्रदूषणका कारण मानवीय स्वास्थ्यमा अल्पकालीन र दीर्घकालीन स्वास्थ्य समस्याको जोखिम रहेको बताउनुभयो । "वायु प्रदूषणका कारण श्वासप्रश्वासमा समस्या आउने, रुघाखोकी लाग्ने, दम बढाउने, फोक्सोको क्यान्सर, उच्च रक्तचाप, पक्षघात, हृदयघात हुने समस्या देखिनसक्छ", उहाँले भन्नुभयो, "त्यसबाहेक आँखा र छाला चिलाउनेलगायतका समस्या पनि देखिन्छन् । प्रदूषणको समयमा यसप्रकारका रोगीहरु सर्तक रहन जरुरी छ ।" उहाँले प्रदूषणको समयमा सकेसम्म घरबाहिर ननिस्कन, निस्कनै परे अनिवार्य मास्कको प्रयोग गर्न र बिहानको समयमा बढी प्रदूषण हुने भएकाले 'मर्निङ वाक'मा ढिलो गरी निस्कन आग्रह गर्नुभयो । काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार एक्युआई तीन सयभन्दा बढी भएको अवस्थालाई विपद्का रुपमा लिइन्छ । यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहोर नजलाउने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीहरुलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने उल्लेख गरिएको छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ मा प्रदूषण कम गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्, चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने उल्लेख छ । प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्शाङ्कन गरिनेछ रणनीतिमा भनिएको छ ।

औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था तथा उद्योग र अन्य व्यवसायबाट निष्कासन हुने प्रदूषणयुक्त धुँवा, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ नीतिमा उल्लेख छ ।

घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य तथा विद्युतीय चुल्हो, बायोग्याँस, सुधारिएको चुल्हो, चिम्नी जस्ता उपकरणहरूको प्रवर्द्धन गरिने र ऊर्जा किफायती भवन निर्माणमा जोड दिइनेछ समेत सरकारको नीति छ ।

प्रदूषण नियन्त्रणका लागि उत्सर्जन स्थल नक्साङ्कनका लागि विक्षेपण जस्ता नवीनतम विधिहरूको प्रयोग गरिने पुनःप्रयोग गर्न नमिल्ने फोहरलाई आवश्यकतानुसार फोहर बिसर्जन क्षेत्र, हानिकारक फोहर विसर्जन क्षेत्र भष्मीकरण यन्त्रको माध्यमबाट सुरक्षित तरिकाले बिसर्जन गरिने तथा औधोगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भष्मीकरण यन्त्र स्थापना गरी विसर्जन गरिने रणनीतिमा उल्लेख गरिएको छ ।रासस

# घट्दै चैते धानखेती



बेदकोट । कञ्चनपुरमा विगतको तुलनामा चैते धानखेती घट्दै गएको छ । विगतका वर्षको तुलनामा पछिल्लो केही वर्षयता चैते धानखेतीको क्षेत्र घट्दै गएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

कुनैबेला कञ्चनपुरमा तीन/चार सय हेक्टर क्षेत्रमा चैते धानखेती हुने गरेकामा अहिले उक्त क्षेत्रफल खुम्चिएर एक सय ५० हेक्टरमा पुगेको केन्द्रका सूचना अधिकारी हरिदत्त जोशीले जानकारी दिनुभयो । "विगतका वर्षभन्दा चैते धानको खेती घट्दो क्रममा छ । कुनैबेला तीन सय बढी हेक्टरमा खेती हुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले डेढ सय हेक्टर पनि पुग्न मुश्किल छ ।"सिँचाइको सुविधा नहुँदा चैते धानखेती घट्दै गएको जोशीको भनाइ छ । "यो धानका लागि नियमित सिँचाइ हुने जमिन हुनुपर्छ । सबैतिर सिँचाइ सुविधा पुगेको छैन । बोरिङ हुनेहरुले मात्रै निरन्तरता दिँदै आएका छन्", उहाँले भन्नुभयो, "कतिपयले समयमै गहुँ काट्न नसकेर र खाली जग्गा नहुँदा पनि चैते खेतीबाट छुटिरहेका छन् ।"

कृषकले बेर्ना राख्नेदेखि रोपाइँ गर्नेलगायतमा समस्या झेल्न थालेपछिचैतमाधानरोप्नछाडिएको बताउँछन् । जिल्लाको भीमदत्त नगरपालिकाको दक्षिणी क्षेत्र, वेदकोट, कृष्णपुर, बेलडाँडी, बेलौरी र पुनर्वासलगायत क्षेत्रमा चैते धानखेती बढीमात्रामा गरिनेमा अहिले कृषकको सर्‍या पनि घट्दै गएको केन्द्रका सूचना अधिकारी जोशीले बताउनुभयो । उहाँका अनुसार भीमदत्त, बेलडाँडी र बेलौरीको केही क्षेत्रमा अहिले पनि खेती भइरहेको छ । "फागुनमै बेर्ना (बीउ) राखिन्छ । चैतमध्यसम्म धान रोपीसक्नुपर्छ", बेलडाँडी-५ का तीर्थ रोकायाले भन्नुभयो, "सिँचाइको सुविधा नहुँदा समस्या हुने गरेको छ । असारमा यो धान तयार हुने भएकाले बर्खामा बाली भित्र्याउन सकस हुन्छ ।"

कञ्चनपुरमा चैते धानको उत्पादन भने राम्रो हुने गरेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी जोशीले बताउनुभयो । निकै सम्भावना बोकेको यो खेतीबाट दोहोरो फाइदा लिन सकिने उहाँको भनाइ छ । "अरु बेलाको धानको उत्पादन औसत चार मेट्रिकटन प्रतिहेक्टर छ । चैते धानको उत्पादन साढे चार मेट्रिकटनभन्दा बढी छ", उहाँले भन्नुभयो, "यो धान भित्र्याएलगत्तै अर्को खेती गरेर दोहोरो फाइदा लिन सकिन्छ ।"चैते धानखेती विशेष गरेर चिउरा तथा भुजाका लागि उपयुक्त मानिन्छ । स्थानीयस्तरमा उत्पादित धानले सहजै बजार नपाउँदा बिक्रीवितरणमा समस्या हुने गरेको कृषकको भनाइ छ ।

किसानलाई चैते धानतर्फ आकर्षित गर्न चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रमअन्तर्गत उक्त धान प्रदर्शनका साथै कृषकलाई बीउवितरण गरिँदै आइएको सूचना अधिकारी जोशीले जानकारी दिनुभयो । केन्द्र र प्रधानमन्त्री कृषि आयोजनाले संयुक्तरुपमा चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेको छ । यसअन्तर्गत चैते-५ र हर्दिनाथ जातका धानको बीउ वितरण गरिएको उहाँको भनाइ छ ।

कञ्चनपुरको बेलौरी, पुनर्वास, भीमदत्त, बेदकोट, कृष्णपुर, शुक्लाफाँटा, बेलडाँडी, दोधाराचाँदनी, लालझाडीलगायत क्षेत्रमा गरेर ४८ हजार चार ९६ हेक्टर जमिनमा धान खेती गरिन्छ ।रासस


## राजगढ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### नर्घो, सप्तरी

## आशय पत्र सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/१२/२७**

यस कार्यालयबाट आ.व. २०८०/०८१ मिति २०८०/११/१४ गतेका दिन जनकपुर टुडे पत्रिकामा प्रकाशित सूचना बमोजिम, E-Bidding मार्फत पेश हुन आएको बालपत्रहरु मध्ये न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले तपसिल बमोजिमका बोलपत्र स्वीकृतिका लागि छनौट गर्न आशय पत्रको सूचना सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल गरेको अंक रु (VAT र PS सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | RGM/WORKS/ NCB/2080/81-01 | Construction of RCC Road from Syambhunaath-Banainiya Road section, Bargachhi to Jhutaki Tole | Aarav And Ayush Construction Pvt. Ltd Kathmandu | 4427444.04 | NCB |
| 2 | RGRM/WORKS/ NCB/2080/81/-02 | Construction of Birthing Centre in Rajgadh-6, Fakira. | Bajrangbali Construction, LOHAJARA, | 3954671.84 | NCB |

प्रमुख प्रशासकीय अधिकृत



**Government of Nepal**
**Ministry of Home Affairs**
## District Administration Office
## Dhanusha
## Invitation for Bid

**First Date of Publication :2080/12/27(2024/04/09)**

1. Government of Nepal has allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. The District Administration Office, Dhanusha invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Only Hard Copy Bidding procedure will be followed. The bidding procedure will be single stage Single Envelope.
3. Information to deposit the cost of bidding document and Security Deposit in Bank:
   **Name of the Bank :** Rastriya Banijya Bank Janakpur
   **Name of Office :** District Administration Office, Dhanusha
   **Rajaswa Khata No. (Revenue Account) :** Rastriya Banijya Bank Janakpur KA-1-1-002
   **Office Code No :** 314921702
   **Revenue Topic No. :** 14229
   **Security Deposit (Dharauti Khata) No. :** 1220100102030000 ,Rastriya Banijya Bank Janakpur
4. Pre-bid meeting shall be held at District Administration Office, Dhanusha 2081/01/06 2:00 PM
5. The last date of bid document purchase is 2081/01/11 (2024/04/23) 5:00 PM. The bidders must submit VAT, PAN, Firm Registration, Ijajat Patra (Renewal up to 2081Asadh), Tax Clearance Certificate 2079/80 and other document as stated in Bid Document.
6. The bidders shall submit their bid in hard copy before 2081/01/12 (2024/04/24) 12:00 hrs. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/01/12 (2024/04/24 ) 14:00 hrsat the office of District Administration Office, Dhanusha. Bid security must be valid for a period of 45 days as stated below for after bid opening and must be accompanied by a bid security, amounting to a minimum of as specified below which shall be valid for 30 days beyond the validity period (i.e. 75 days) of the bid after deadline of Bid submission last date.
7. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| Contract No. | Descriptions of Works | Estimate Amount Without VAT (Nrs) | Minimum Bid security NRs. | Price of Bid Document-NRS |
|---|---|---|---|---|
| Contract No. : DAO/ DHANUSHA/Works/ NCB/01-2080/81 | Construction of Golghar and Toilet at District Administration Office, Dhanusha | 12,82,051.29 | 36,000.00 | 1000.00 |

# जानकी मन्दिर पछाडीको मस्जिदप्रति कुदृष्टि नलगाउन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । मुस्लिम समुदायले जनकपुरधाममा रमजान मनाएको छ।

जनकपुरधाममा सोमबार इफ्तार कार्यक्रम गरी सामूहिक रुपमा रमजान पर्व सम्पन्न गरेको छ।

सो कार्यक्रममा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले मुस्लिम समुदायको पवित्र महिनाको रुपमा रहेको रमजानले आपसी भाईचारा तथा सामाजिक सद्भाव वृद्धि गर्ने गरेको बताए।




सामाजमा सदियौं देखि हिन्दु-मुस्लिम समुदाय एक्कै ठाउँमा बस्दै आएको बताउँदै आगामी दिनमा पनि मुलुकमा शान्ति, समृद्धि र सामुदायिक सद्भाव कायम गर्नका लागि यस्ता प्रकारको महिनाले सबैमा प्रेरणा दिने उनले बताए।

उनले आत्मशुद्धि, पवित्रता तथा त्याग र समर्पण भावले गरिने दिनभरको रोजाले मानवलाई शीतलता प्रदान गरेर शान्ति तथा समृद्धिको मार्गमा अघि बढ्ने बताए।

मधेश प्रदेशका खेलकूद तथा समाज कल्याणमन्त्री सुरिता कुमारी साहले रमजान पर्वले सामाजिक सद्भाव, अपसमा भाईचाराको सम्बन्धलाई प्रगाढ बनाउने बताइन्।

मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन राज्यमन्त्री रहवर अन्सारीले मधेश प्रदेशमा देशकै सवै भन्दा बढी मुस्लिम समुदाय बसोवास गर्ने ठाउँ भएकाले मुस्लिम आयोगले समुहिक रोजा खोल्ने कार्यक्रम गरेर निक्कै सराहनी काम रहेको बताए।

मुस्लिम आयोगका अध्यक्ष समिम मिया अन्सारीले जानकी मन्दिरको पछाडीमा रहेको मस्जिदमाथि केही व्यक्तिले तोड्नुपर्ने आवाज उठाउँदै आएको सन्दर्भलाई कोट्याउँदै यस्ता उच्छृंगखल गतिबिधि गर्ने धम्की दिन आग्रह गरे ।

जानकी मन्दिर पछाडीको मस्जिद कसैले तोडेमा जनकपुरधाममा धार्मिक, सौहार्दता तथा भाइचाराको सम्बन्धमासमेत खलल पुग्ने उनले बताए ।

# खानेपानी समस्या समाधानका दिर्घकालीन योजना आवश्यक : मुख्यमन्त्री

**टुडे समाचारदाता**

जनकपुरधाम। मुख्यमन्त्री सरोजकुमार यादवले मधेशमा खानेपानी समस्या समाधानका लागि तत्कालीन तथा दीर्घकालीन योजना बनाएर अघि बढनु पर्ने आवश्यकता रहेको बताएका छन्।

धनुषाको मिथिला नगरपालिकास्थित लालगढमा सोमबार संघीय खानेपानी तथा ढल निकासी विभागद्वारा आयोजना गरिएको मधेश प्रदेशका लागि गुणस्तरयुक्त थोक खानेपानी वितरण सम्बन्धि परामर्श गोष्ठीमा मुख्यमन्त्री यादवले तत्कालीन र दिर्घकालीन रणनीति अनुरुप खानेपानी समस्या समाधान गर्नुपर्ने बताए।




मधेशको दक्षिण क्षेत्रको भुभागमा केही वर्ष यता पानीको सतह घटेपछि सुख्खायाममा खानेपानीको हाहाकार हुँदै आएको बताउँदै मुख्यमन्त्री यादवले दुवै खाले योजनालाई अगाडि बढाउन संघीय सरकारलाई आग्रह गरे।

संघीय सरकारले सुनकोशी मरिन डाईभर्सनको माध्यमबाट केही पानीलाई प्रशोधन गरी मधेशका ६ वटा जिल्लामा खानेपानी आपूर्ति गर्ने नीतिको सराहाना गर्दै मुख्यमन्त्री यादवले भने, 'योजना सराहनीय छ। मधेश सरकार हातेमालो गर्न प्रतिबद्ध छ। यो योजना पूरा हुन धेरै समय लाग्छ । तसर्थ तत्कालीन योजना अघि बढाउन आवश्यक छ। हामी लाई सहयोग गर्नुस् । मधेशका चापाकलहरु अहिले नै सुकन थालेको छ । तत्कालीन योजनाका लागि संघ सरकारलाई आग्रह गर्दछु।'

संघीय खानेपानी मन्त्री राजेन्द्र कुमार राईको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रतिनिधि सभा महिला, बालबिकास तथा समाजिक समितिका सभापति किरण साह, पुर्व खानेपानी मन्त्री महेन्द्र राय यादव, मधेश सरकारका उर्जा, खानेपानी तथा सिचाई मन्त्री सिंघासन सा कलवारलगायतका वक्ताहरुले मधेशमा खानेपानी आपूर्तिको अवस्था र अगामि रणनीतिबारे आ-आफ्नो धारणा राखेका थिए।

सो गोष्ठिमा खानेपानी तथा ढल निकास विभागका निर्देशक कमलराज श्रेष्ठले थोक खानेपानी आपूर्ति प्रणाली सम्बन्धि कार्यपत्र प्रस्तुत गरेका थिए।

यस परियोजनाका लागि ४६ अर्ब २० करोड १० लाख १५ हजार ४ सय ८८ रुपैयाँ लागत अनुमान गरिएको जनाइएको छ।

# नेशनल मेडिकल कलेजका संचालन शहनवाज पक्राउ

**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्जस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालका प्रबन्ध निर्देशक शहनवाज हुसेन अन्सारी पक्राउ परेका छन् । मेडिकल कलेजका मुख्य सञ्चालक जैनुदिन अन्सारीका छोरा समेत रहेका शहनवाजलाई पर्सा प्रहरीले पक्राउ गरेको छ। उनीसंगै नेशनल मेडिकल अस्पतालका प्रयोगशाल प्रमुख संजय साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ । अस्पतालको प्रयोगशाला र फार्मेसीमा म्याज गुज्रिएको औषधि र केमिकल फेला परे पछि प्रहरीले दुवैलाई नियन्त्रणमा लिएको छ।



पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालय पर्साको थुनुवा कक्षमा राखिएको जनाइएको छ भने उनीहरुलाई कानुनी कारबाहीका लागि प्रक्रिया अघि बढाइएको प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक केशर न्यौपानेले जानकारी दिए।

सोमबार दिउँसो वीरगञ्ज महानगरपालिकाको बजार अनुगमन समितिले मेडिकल कलेजको प्रयोगशाला र फार्मेसीमा छापामारी गर्दा म्याद गुज्रिएका औषधि तथा केमिकलहरु बरामद भएको थियो। बिरामीको उपचारको लागि म्याद गुज्रिएका केमिकलबाट नै प्रयोगशालामा परीक्षण गर्नुका साथै फार्मेसीबाट म्याद गुज्रिएका औषधी बिक्रि बितरण भएको अनुगमन समितिका सदस्य तथा महानगरका कार्यापालिका सदस्य कन्हैया ठाकुरले बताए।

नेशनल मेडिकल कलेज शिक्षा र स्वास्थ्य भन्दा पनि संचालकहरुको कमाउ धन्दा बन्दै गएको जनगुनासो छ । पैसाको बलमा वर्षौंदेखि सर्वसाधारणको जनस्वास्थ्यसंग खेलवाड गरेको आरोप लाग्दै आएका डा.जैनुद्दिन अन्सारीले नेशनल मेडिकल कलेजको डायलासिस, ल्याब र फार्मेसी सबै ठेक्कामा दिएको अस्पतालका एक कर्मचारीले दाबी गरेको छ । ठेक्कामा दिए बापत पैसा मात्र छापी रहेको गुनासो धेरै पहिला देखिनै आए पनि मेडिकलको प्रबन्ध निर्देशकबाट जैनुद्दिन अन्सारीले आफ्ना सहोदर भाईलाई हटाएर छोरालाई राखेका थिए। परिवारीक कलहले गर्दा अस्पतालबाट हुने गरेका अनैतिक कार्यहरुको भन्डाफोर हुन थालेको उक्त कर्मचारीको दाबी छ। वर्षौंदेखि अस्पतालमा हुने गरेको सबै खाले अनैतिक कार्यहरुको मेसो मिलाउँदै तत्कालीन एमडी बसरुद्दिन अन्सारीले स्थानीय निकायका हर्ताकर्तालाई बुझो लगाउँदै आएका थिए।

आफ्नै भाइ बसरुद्दिन अन्सारीलाई डा. जैनुद्दिनले निकालेपछि अस्पतालको एमडी बनेका छोरा शाहनवाज अन्सारी आफ्नो अस्पतालमा सुधार ल्याउने अपेक्षा जैनुद्दिन अन्सारीले राखे पनि कुलतमा फसेका प्रबन्ध निर्देशक साहनवाजले बेथिति स्थापित गरेको त्यहाँको कर्मचारीको आरोप छ। अस्पतालमा चलेको नयाँ सिन्डिकेटले कमसल र म्याद गुज्रेको केमिकल प्रयोग गरी सर्वसाधारणको जिउधनसंग खेलबाड गरी रहेको रिपोर्ट आएपछि वीरगञ्ज महानगरपालिकाको उप-मेयरको संयोजकत्वमा रहेको बजार अनुगमन समितिले नेशनल मेडिकल कलेजको ल्याबमै छापा मारेको थियो।

अनुगमन टोलीमा पर्साका प्रहरी उपरीक्षक कुमोध ढुंगेल स्वयं सहभागि भएकाले पनि नेशनल मेडिकल अस्पतालको लापरवाहिलाई कानुनी दायरामा ल्याउन सकिएको जनाइएको छ। मेडिकल कलेजको ल्याब र फार्मेसीमा गरी म्याज गुज्रिएका ४० भन्दाबढी प्रकारका केमिकल र औषधि बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ।

ल्याब र फार्मेसीमा म्याज गुज्रिएका केमिकल र औषधि फेला परेपछि अनुगमन टोलीमा सहभागी रहेका प्रहरी उपरीक्षक ढुंगेलले प्रबन्ध निर्देशक अन्सारी र ल्याब प्रमुख साह दुवैलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा लगेको ठाकुरले बताए।

यता पर्साका प्रहरी प्रवक्तासमेत प्रहरी नायब उपरीक्षक न्यौपानेले पनि अन्सारी र साहलाई प्रहरीले नियन्त्रणमा लिएको पुष्टि गरे । उनले भने,' ल्याब र फार्मेसीमा म्याद गुज्रिएका केमिकल र औषधि भेटिए पछि दुवै जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो। अहिले जिल्ला प्रहरी कार्यालयमा राखिएको छ। म्याद गुज्रिएका केमिकल र औषधि पनि प्रहरीले नियन्त्रणमा लिएको छ।' यस बारेमा थप अनुसन्धान भइरहेको उनले बताए।

## आरती साह हत्या प्रकरणः

# छानविन प्रक्रिया सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम। आरती साह हत्या प्रकरणमा छानविन सुरु भएको छ।

आरती साहको शंकास्पद मृत्यु भएको घटनाबारे छानविन गर्न काठमाण्डुस्थित प्रहरी प्रधान कार्यालयले डीआईजी उमेशराज जोशीलाई जनकपुरधाममा पठाएको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा कार्यरत जोशीसँगै सीआईबीका प्रहरी उपरीक्षक होविन्द्र बोगटी, प्रहरी नायब उपरीक्षक जागेश्वर भण्डारी र प्रहरी निरीक्षक शान्ता लामाले जनकपुरधामस्थित आरती साहको शंकास्पद मृत्यु भएको स्थलबाट र सो प्रकरणमा अभियूक्त बनाइएकाहरुमाथिसमेतछानविनसहित अनुसन्धान थालिएको छ।

फागुन ३० मा गृह मन्त्रालय र पीडित परिवारको बीचमा थप अनुसन्धान गर्न सीआईबीको टोली पठाउने सहमति भएको थियो । गृह मन्त्रालयका अधिकारीहरूसँगको ५ बुँदे सहमति गरेसँगै १० महिनादेखि आन्दोलनरत साहका परिवारले आन्दोलन फिर्ता लिएको थियो।



०८० जेठ ७ मा धनुषाको जनकपुरधाम उप-महानगरपालिका वडा नम्बर-९ स्थित ब्रह्मपुरी चोकमा रहेको घरमा शंकास्पद रूपमा मृत फेला परेकी आरती साहको मृत्यु प्रकरणबारे थप अनुसन्धान थालिएको छ । डीआईजी नेतृत्वको सो टोलीले काम सुरु गरेको ४५ दिनभित्र प्रतिवेदन पेस गर्नु पर्नेछ। जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी अधिकारीहरूले पीडित परिवारमाथि कुटपिट र दुर्व्यवहार गरेको घटनाबारे छानविनसमेत भइरहेको छ।

# त्रिवेणी स्पिनिङ मिल्समा आगलागी, करोडौँको क्षति

**रञ्जन यादब**

बारा। बाराको छातापिपरा स्थित धागो उत्पादन गर्ने उद्योगमा आगलागी हुँदा करोडौं मूल्य बराबरको क्षति भएको छ।



त्रिवेणी स्पिनिङ मिल्स प्रालिमा आगलागी हुँदा करिब दुई करोड रुपैयाँको क्षति भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका- ९ मा रहेको सो उद्योगमा भएको आगलागीबाट २५ सय केभिएको ट्रान्सफर्मरसमेत पूर्णरुपमा क्षति भएको उद्योगको प्रशासकीय अधिकृत राजेश श्रेष्ठले जानकारी दिए । आगलागी भएको ट्रान्सफर्मरबाट आगो सल्किएर नजिकै रहेको सोही क्षमता बराबरको अर्को ट्रान्सफर्मरमा आगलागीसमेत भएको उनले बताए । ट्रान्सफर्मरमा भएको आगलागीबाट करिब दुई करोड रुपैयाँसम्मको क्षति भएको प्रशासकीय अधिकृत श्रेष्ठले अनुमान गरे। दिउँसो करिब २:४० मा एक्कासी आगो लाग्दा जीतपुर सिमरा उपमहानगरपालिकाको एउटा ,कलैया उपमहानगरपालिकाको एउटा र वीरगञ्ज महानगरपालिकाको दुई वटा गरी चारवटा बारुणयन्त्र र उद्योगमा कार्यरत मजदुरहरुको सहयोगले एक घण्टामा आगो नियन्त्रणमा लिएको त्रिवेणी स्पिनिङ मिल्स प्रालिले जनाएको छ ।

यता उद्योगका इलेक्ट्रिकल इन्जिनियर आलोक कुमार सिंहले ट्रान्सफर्मरमा अचानक सानो आवाज आएको थियो। आवाज आउने वित्तिकै केही सेकेन्डमा आगलागी फैलिदाँ करिब दुई करोड रुपैयाँ बराबरको क्षति भएको छ। ट्रान्सफर्मरको बाहिरी भागमा कुनै खराबी नदेखिएको कारण भित्रै तार सर्ट भइ आगलागी भएको हुन सक्ने आशंका गरे। यद्यपि ट्रान्सफर्मर खोलिएपछि यसको यर्थाथ कारण थाहा हुने उनको भनाइ छ। नयाँ ट्रान्सफर्मर जडान गर्न कम्तीमा पनि एक महिना लाग्ने इलेक्ट्रिकल इन्जिनीयर सिंहले बताए। पावर सप्लाईको अभावमा युनिट एक नम्बर डिपार्टको सम्पूर्ण काम ठप्प भएको कार्यरत ३ सय देखि ४ सय जना मजदुरको काम प्रभावित भएको छ । त्रिवेणी स्पिनिङ मिल्समा करिब १ हजार ५ सय मजदुर कार्यरत छन् भने ४ वटा युनिटहरु रहेको जनाइएको छ।

# मालपोत कार्यालय सार्न लागेको भन्दै विरोधमा प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको पाँच वटा स्थानीय तहलाई सेवा दिने गरी मिथिला नगरपालिकास्थित ढल्केवरमा मालपोत कार्यालय सार्न लागेको भन्दै स्थानीयहरुले विरोध प्रदर्शन गरेका छन्।

जनकपुरधाममा सोमबार जनकपुरधामको विकासमा अवरोध खडा गर्न खोजेको भन्दै मालपोत कार्यालय सार्ने निर्णय गरिएको भन्दै मालपोतविरुद्धको संघर्ष समिति गठन गरेर स्थानीय प्रदर्शन गरेका छन्।




गोप्य रुपमा मालपोत कार्यालय सार्ने विषयमा आफूहरुलाई जानकारी भए लगत्तै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाए पनि वास्ता नगरेकाले संघर्षमा उत्रिनु परेको संघर्ष समितिका संयोजक रमण सिंहले बताए।

सो प्रदर्शनमा उत्रिएका स्थानीय मालपोत कार्यालय धनुषाको काम एक घण्टा अवरुद्ध गर्नुका साथै एक घण्टा चक्का जामसमेत गरेका थिए । ०७२ साल असोज १४ गते मन्त्रीपरिषद्को निर्णयअनुसार धनुषाको ५ पालिकालाई सेवा प्रदान गर्नका लागि सार्न लागिएको हो।

सो कार्यालयबाट धनुषाको धनुषाधाम नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, सबैला नगरपालिका र बटेश्वर गाउँपालिकालाई सेवा प्रदान गरिने छ । यद्यपि संघर्ष समितिले प्रत्येक पालिकामा मालपोतको सेवा प्रदान गर्ने गरी कार्यालय खोलिए मात्रै कार्यालय सार्ने निर्णय आफूहरुलाई मान्य हुने जनाएको छ।

# आगलागीबाट घर नष्ट



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा आगलागीबाट आधा दर्जन घर जलेर नष्ट भएको छ।

जिल्लाको बसबरिया गाउँपालिका-३ स्थित भवानीपुर मुसहर बस्तीमा आगलागी हुँदा छ वटा घर जलेर नष्ट भएको छ । पाँच वटा घरमा आंशिक क्षति पुगेको सर्लाही प्रहरीले जनाएको छ।

स्थानीय रामविश्वास रामको घरबाट सुरु भएको आगलागीमा परेर उहाँसहित दिनेश माझी, जोखु मुखिया, भुर्री देवी, राजनारायण माझी र विन्देश्वर माझीको घर पूर्णरुपमा जलेको छ।

त्यस्तै, आगलागीमा परेर राजनारायण माझी, किशोर मुखिया, हर्ष मुखिया, मिश्री माझी र नरेश रायको घरमा आंशिक क्षति पुगेको सर्लाही प्रहरीले जनाएको छ । सोमबार भएको आगलागी स्थानीय बासिन्दा, सुरक्षाकर्मी र हरिवन तथा मलङ्गवा नगरपालिकाबाट आएका दमकलको सहयोगमा दिउँसो १:१५ तिर नियन्त्रणमा आएको सर्लाहीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

उनका अनुसार प्रारम्भिक विवरण अनुसार आगलागीबाट २६ लाख रुपियाँ बराबरको भएको छ। आगलागीको कारण प्रष्ट हुन सकेको छैन।

आगलागीबाट घर जलेर नष्ट भएपछि अति विपन्न मुसहर समुदायको बिचल्ली भएको छ। खरले छाएका अधिकांश घर तीव्र गतिमा चलेको हावाहुरीले एकै छिनमा खरानी भएका स्थानीयले बताए।

बसबरिया गाउँपालिकाका अध्यक्ष रामसिंहासन रायले आगलागी पीडितलाई राहत स्वरुप तत्काल खानका चामल, दाल, आलु, तेलसहितका खाद्यान्न वितरण गरिएको बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८